
माघ – २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


| | | |
|---|---|---|
| वर्ष २३, अङ्क २० | २०७१, माघ १६–२९ | पूर्णाङ्क ५४२ |


प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

**फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)**

फ्याक्सः ४२६२८७८, पो.ब.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

**माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत - अध्यक्ष**
**माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत - सदस्य**
**नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय- सदस्य**
**अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन - सदस्य**
**वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य**
**निर्देशक प्रा.डा.श्री युवराज संग्रौला, प्रतिनिधि, काठमाडौं स्कुल अफ ल - सदस्य**
**सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत - सदस्य सचिव**

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**
शाखा अधिकृत श्री राजन बास्तोला
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
ना.सु.श्री लक्ष्मण वि.क.
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**बिक्री शाखामा कार्यरत् कर्मचारी**
डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**
सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त | १२ |
| इजलास नं. १ | १० |
| इजलास नं. २ | २ |
| इजलास नं. ३ | ३ |
| इजलास नं. ४ | ५ |
| इजलास नं. ५ | ५ |
| इजलास नं. ६ | ५ |
| इजलास नं. ७ | ६ |
| एकल इजलास | २ |
| रीत/बेरीत आदेश | ८ |
| जम्मा | ५८ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७१, माघ – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

१६६०—०१—३३३—५५

वा

इमेल ठेगाना

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत छापाखाना, रामशाहपथ, काठमाडौं ।

# विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१-१२** |
| १. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सन्तबहादुर गुरूङ | |
| २. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शान्ति मल्लाह | |
| ३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. गोपिनी गिरी | |
| ४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामबहादुर थारू | |
| ५. | उत्प्रेषण/परमादेश | आशिष शर्मा वि. नेपाल दूरसञ्चार प्राधिकरण, त्रिपुरेश्वर काठमाडौंसमेत | |
| ६. | उत्प्रेषण/परमादेश | दिनेश चौधरी वि. सर्वोच्च अदालत, कठमाडौं | |
| ७. | उत्प्रेषण/परमादेश | मतिबुल्लाह मुसलमान वि. निजामती किताबखाना, हरिहरभवन, ललितपुरसमेत | |
| ८. | उत्प्रेषण/परमादेश | हरिबहादुर विश्वकर्मा वि. चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा, चितवनसमेत | |
| ९. | कर्तव्य ज्यान | □क्काराम राईसमेत वि. नेपाल सरकार | |
| १०. | उत्प्रेषण/परमादेश | सीताराम अग्रहरि वि. गोरखापत्र संस्थान, धर्मपथ न्युरोड, काठमाडौंसमेत | |
| ११. | मोही नामसारी | मिरूवती गडेरी वि. जुनादेवी दाहाल | |
| १२. | मोही नामसारी | मिरूवती गडेरी वि. जनककुमारी दाहालसमेत | |
| **इजलास नं. १** | | | **१२-१९** |
| १३. | उत्प्रेषण/परमादेश | विरेन्द्रबहादुर थापा वि. मालपोत कार्यालय, दैलेखसमेत | |
| १४. | बन्दी प्रत्यक्षीकरण | अधिवक्ता सुरेश महतो वि. पुनरावेदन अदालत पा□, ललितपुरसमेत | |
| १५. | परमादेश | सुशीलकुमार उपाध्याय वि. जिल्ला प्रशासन कार्यालय, ललितपुरसमेत | |
| १६. | उत्प्रेषण/परमादेश | गोपीलाल सुनार वि. कञ्चनपुर जिल्ला अदालतसमेत | |
| १७. | निषेधाज्ञा/परमादेश | मतिराज शर्मा वि. विद्यालय व्यवस्थापन समितिका अध्यक्ष झुपलाल खनालसमेत | |

| | | |
|---|---|---|
| १८. | क्षतिपूर्ति हर्जाना दिलाई पाऊँ | नरबहादुर श्रीस वि. जिल्ला विकास समितिको कार्यालय, बागलुङसमेत |
| १९. | निषेधाज्ञा/ परमादेश | नरबहादुर श्रीस वि. जिल्ला विकास समितिको कार्यालय, बागलुङसमेत |
| २०. | उत्प्रेषण | बाबुराम भण्डारी वि प्रशासकीय अदालत सिंहदरबार, काठमाडौंसमेत |
| २१. | लेनदेन | छोटेलाल साह तेली वि. मोहनप्रसाद सिंह |
| २२. | उत्प्रेषण/ परमादेश | परशुराम दाहाल वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालयसमेत |
| **इजलास नं. २** | | **१९-२१** |
| २३. | भ्रष्टाचार (नक्कली प्रमाणपत्र) | पुष्कर के.सी. वि. नेपाल सरकार |
| २४. | निर्णय दर्ता बदर सार्वजनिक हक कायम | बन्दना सिंह बस्नेत वि. जिल्ला महोत्तरी, जलेश्वर नगरपालिकाको कार्यालय, जलेश्वर |
| **इजलास नं. ३** | | **२१-२४** |
| २५. | जबर्जस्ती करणी उद्योग | नेपाल सरकार वि. दिलिपकुमार यादव |
| २६. | निषेधाज्ञा/ परमादेश | गणेशराज कार्की वि. पदमप्रसाद गौतमसमेत |
| २७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. विष्णुदत्त जोशी |
| **इजलास नं. ४** | | **२४-२७** |
| २८. | जबर्जस्ती करणी | बीरबहादुर विश्वकर्मा वि. नेपाल सरकार |
| २९. | जबर्जस्ती करणी | दिनेश गुरूङ वि. नेपाल सरकार |
| ३०. | कर्तव्य ज्यान | अर्जुन पंगेनी वि. नेपाल सरकार |
| ३१. | लागु औषध चरेस | मुन्ना अन्सारीसमेत वि. नेपाल सरकार, दुर्गाराम रेग्मी वि. नेपाल सरकार |
| ३२. | लिलाम दा.खा. दर्ता बदर हक कायम | श्यामसुन्दर खेतान वि. विजया शर्मा |
| **इजलास नं. ५** | | **२७-३१** |
| ३३. | उत्प्रेषण/ परमादेश | सुनिता अग्रवालसमेत वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत |
| ३४. | फैसला मोही प्रमाणपत्र बदर | सामर्थप्रसाद सिंह वि. मदनप्रसाद सिंहसमेत |

| | | |
|---|---|---|
| ३५. | बन्दी प्रत्यक्षीकरण | अधिवक्ता बाबुराजा शाक्य वि. कारागार कार्यालय, नख्खु, ललितपुरसमेत |
| ३६. | निषेधाज्ञा | विनिता भन्ने विणा शर्मा वाग्लेसमेत वि. रङ्गनाथ मैनाली |
| ३७. | लेनदेन | माइली खड्का वि. विष्णु केशरी श्रेष्ठ |
| **इजलास नं. ६** | | **३१-३३** |
| ३८. | हक कायम नामसारी | रमेश साही वि. रूपा खड्गी |
| ३९. | क्षतिपूर्ति | मुकुन्द शर्मा वि. जुद्धबहादुर खड्कासमेत |
| ४०. | निषेधाज्ञ/ परमादेश | वमप्रसाद मास्के वि. नेपाल बङ्गलादेश बैंक लिमि[illegible] केन्द्रीय कार्यालय, बिजुलीबजार,काठमाडौंसमेत |
| ४१. | विदेशी विनिमय | नेपाल सकार वि. सानु मुखिया |

| | | |
|---|---|---|
| **इजलास नं. ७** | | **३३-३४** |
| ४२. | हक कायम दर्ता | लोकरत्न तुलाधर वि. मु.स.गर्ने बालहरि रावल समेत |
| ४३. | परमादेश | महानन्दप्रसाद उपाध्याय उच्च माध्यमिक विद्यालयसमेत वि. अरविन्दकुमार लाल |
| **एकल इजलास** | | **३४-३५** |
| ४४. | उत्प्रेषण/ परमादेशऊ | कुलप्रसाद उपाध्याय वि. विद्यालय शिक्षक किताबखाना छाउनी, ताहाचल, काठमाडौं |
| ४५. | उत्प्रेषण/ परमादेश | माधव भण्डारी वि. त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौंसमेत |
| **रीत/बेरीत आदेश** | | **३५-३६** |
| ४६. | उत्प्रेषण | बज्रमोहन सोती वि. मालपोत कार्यालय नवलपरासीसमेत |

**सर्वोच्च अदालतका नियमित प्रकाशनहरू**

- सर्वोच्च अदालत बुलेटिन (पाक्षिक)
- नेपाल कानून पत्रिका (मासिक)
- विषयगत नजिर संग्रह, २०६३
- विषयगत नजिर संग्रह, २०६६
- विषयगत नजिर सारसङ्क्षेप सङ्कलन, २०६९ (२०१५ सालदेखि २०६९ असोज अङ्कसम्म)

  भाग १ : संवैधानिक कानून
  भाग २ : सार्वजनिक सरोकार
  भाग ३ : मानव अधिकार तथा लैङ्गिक न्याय
  भाग ४ : देवानी कानूनः सम्पत्ति
  भाग ५ : देवानी कानूनः पारिवारिक
  भाग ६ : फौजदारी कानूनः सरकारवादी
  भाग ७ : फौजदारी कानूनः दुनियावादी
  भाग ८ : कार्यविधि कानूनः देवानी
  भाग ९ : कार्यविधि कानूनः फौजदारी
  भाग १० : उद्योग, वाणिज्य र कर
  भाग ११ : राष्ट्रसेवक कर्मचारी

- न्यायपालिकाको तेस्रो रणनीतिक योजना (आवधिक)
- सर्वोच्च अदालत वार्षिक प्रतिवेदन (वार्षिक)
- सर्वोच्च अदालतका केही निर्णयहरूको अङ्ग्रेजी अनुवाद (वार्षिक)
  - अङ्ग्रेजी अनुवाद २००३ (Volume I)
  - अङ्ग्रेजी अनुवाद २०१० (Volume II)
  - अङ्ग्रेजी अनुवाद २०११ (Volume III)
  - अङ्ग्रेजी अनुवाद २०१२ (Volume IV)
  - अङ्ग्रेजी अनुवाद २०१३ (Volume V)

- नेपाल कानून पत्रिका, ऐन कानून खण्ड 'क' (सनद, सवाल, रूक्का, आदेश, फुलकोर्टका निर्णयसमेत)
- अदालतसम्बन्धी नियमावली / निर्देशिका / न्यायाधीश आचारसंहिता
- टेबुल पात्रो (वार्षिक)

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री गिरीश चन्द्र लाल,** ०७०-RC-००१६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पूर्णबहादुर भन्ने सन्तबहादुर गुरूङ*

प्रतिवादीले आफूले बरामद भएको बन्चरो प्रहार गरी मृतक श्रीमती रीता गुरूङलाई कर्तव्य गरी मारेको वारदातलाई स्वीकार गरेको र त्यस्तो हत्या गर्ने कसुरदारलाई उपरोक्त कानूनी व्यवस्थाको आधारमा सजाय हुने व्यवस्था भएबाट प्रतिवादी पूर्णबहादुर भन्ने सन्तबहादुर गुरूङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम मिति २०६९।२।३० मा सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर भएको सुरू पर्वत जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, बागलुङको मिति २०६९।११।१६ को फैसला मनासिब नै देखिँदा साधक जाँचको रोहमा सदर हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल वैशाख १९ गते रोज ६ शुभम्।

२

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री गिरीश चन्द्र लाल,** ०७०-RC-००५८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शान्ति मल्लाह*

मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. मा "लाठा ढुङ्गा र साधारण सानातिना हतियारले कुटी हानी रोपी घोची वा अन्य ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मरेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एकजना र धैरै जनाको हुल भई मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन, ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ । त्यस्तालाई सर्वश्वसहित जन्मकैद गर्नुपर्छ। सो बाहेक अरूलाई र यसैले मारेको वा यसैका चोटले मरेको भन्ने कुरा सो हातहतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिन, ठहर्न नआएमा सबैलाई जन्मकैद गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। उक्त कानूनी व्यवस्थाले ढुङ्गा र साधारण सानातिना हातहतियारसमेतलाई समेटेको देखिन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीले मृतक सोनु मल्लाहलाई घोप्टो पारी ढुङ्गा, तारले बुनेको पर्खाल र तारसमेतमा ठोक्काई नदीमा फालेको स्वीकार गरेको देखिन्छ । प्रतिवादीले अभियोग स्वीकार गरी गरेको बयान, बकपत्र, घटनास्थल, लास जाँच मुचुल्कासमेतका प्रमाणहरूबाट समर्थित भैरहेबाट निजलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सजाय गर्ने गरेको फैसलालाई अन्यथा भन्न नमिल्ने।

मृतक सोनु मल्लाहलाई पूर्व रिसइबिसमेतको कारणबाट प्रतिवादी शान्ति मल्लाहले मार्ने मनसाय राखी सोअनुरूप कर्तव्य गरी मारेको भनी आफ्नो अपराधमा साबित भई अधिकारप्राप्त अधिकारी र अदालतमा समेत बयान गरेको आधार प्रमाणबाट निजको सो कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुरूपको कसुर देखिएकाले निजलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सजाय हुने भनी भएको सुरू रूपन्देही जिल्ला

अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०७०।१।१५ को फैसला मिलेकै देखिँदा साधकको रोहमा सदर हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७१ साल वैशाख १९ गते रोज ६ शुभम् ।

३

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री गिरीश चन्द्र लाल,** ०७०-RC-००७९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गोपिनी गिरी*

वारदात हुँदाको समयमा प्रतिवादी १८ वर्षकी कलिलो उमेरकी भन्ने देखिन्छ । प्रकाश श्रेष्ठसँगको सम्बन्धको कारण सामाजिक, घरायसी तथा श्रीमान्सँगको जीवन यापनमा असहज स्थिति उत्पन्न हुन गई यस प्रकारको दु:खद दुर्घटना गर्नुपर्नेसम्मको अवस्था आएको भनी पछि आफैँले पश्चाताप गर्दै अनुसन्धानको क्रममा सहयोग पुर्‍याएको देखिने ।

मुलुकी ऐन, अ.बं. १८८ नं. को कानूनी व्यवस्थासमेतलाई मनन् गर्दा २ वर्षमात्र सजाय गर्दा धेरै कम सजाय हुने र पूरै सजाय गर्दा चर्को पर्ने अवस्था हुँदा पुनरावेदन अदालत, पाटनको २ वर्ष मात्र कैद सजाय हुने भनी घटी सजाय गर्ने रायसँग सहमत हुन सकिएन । अपराधको परिस्थितिलाई मध्यनजर राखी विचार गर्दा निज प्रतिवादीलाई अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७१ साल वैशाख १९ गते रोज ६ शुभम् ।

४

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री गिरीश चन्द्र लाल,** ०७०-RC-०००५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामबहादुर थारू*

प्रतिवादी रामबहादुर थारूको साबिती बयान, जाहेरवाला भीमबहादुर थारू र वादीको तर्फबाट उपस्थित साक्षी जानकी चौधरीले मृतक सीता थारूलाई रामबहादुर थारूले रातको समयमा बन्चरो प्रहार गरी मारेको भनी गरेको बकपत्र र सोही व्यहोराले मृतक र प्रतिवादीको छोरा सुरज चौधरीले गरेको बकपत्रबाट समर्थित भएको देखिन्छ । प्रतिवादीलाई के कस्तो सजाय हुने हो भन्ने सम्बन्धमा विचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. मा "धार भएको वा नभएको जोखिमी हतियार गैह्ले हानी रोपी घोची ज्यान मारेमा जतिजना भई हतियार छाडेको छ उती जना ज्यानमारा ठर्हछन्, सर्वस्वसहित जन्मकैदको सजाय गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था भएको देखिने हुँदा उक्त कानूनी व्यवस्थाले जोखिमी हतियार बन्चरोसमेतलाई समेटेको देखिन्छ । प्रतिवादी स्वयम्ले आफूले बन्चरो प्रहार गरी मृतक सीता थारूलाई मारेको तथ्यलाई स्वीकार नै गरेको देखिएको छ । यसरी प्रतिवादीको जोखिमी हतियार बन्चरो प्रहारबाट सीता थारूको मृत्यु भएको तथ्य निज स्वयम्को बयान र बरामदी मुचुल्काका मानिसहरूको बकपत्रबाट स्थापित भएको र प्रतिवादीले आफूले तत्काल उठेको रिस थाम्न नसकी हत्या गरेको भन्ने कुरा स्थापित गराउन नसकेको अवस्थामा प्रतिवादी रामबहादुर थारूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम मिति २०६७।११।१५

मा सर्वस्वसहित जन्म कैदको सजाय हुने ठहर भएको सुरू रूपन्देही जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६९।१।२७ को फैसला मनसिब नै देखिँदा साधक जाँचको रोहमा सदर हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्यूर: विकेश गुरागाईं

इति संवत् २०७१ साल वैशाख १९ गते रोज ६ शुभम् ।

५

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** ०६९-WO-१३०३, उत्प्रेषण/परमादेश, *आशिष शर्मा वि. नेपाल दूरसञ्चार प्राधिकरण, त्रिपुरेश्वर, काठमाडौंसमेत*

आधारभूत टेलिफोन सेवाको सूचना मिति २०६९।२।१ मा प्रकाशित भएपछि सुरू भएको भनिएको विवादमा बाधा अड्काउको सूचना मिति २०६९।११।१० मा प्रकाशित भएको छ भने युटिएल र स्मार्ट टेलिकमलाई मिति २०६९।१२।२९ मा अनुमतिपत्र प्रदान गर्ने निर्णय भएको छ । उल्लिखित क्रियाहरूउपर यसै सम्मानित अदालतमा अलगअलग मितिमा उपरोक्त रिटहरू परी बहस जारी रहेको अवस्थामा यो निवेदन परेकाले अन्य मुद्दाको रूप विचार गरी अत्यन्त विलम्ब गरी प्रस्तुत रिट दायर भएको भन्ने प्रत्यर्थीको भनाइसँग विमति हुनुपर्ने अवस्था नदेखिने ।

एकपटक राजपत्रमा प्रकाशित समग्र सूचनालाई स्वीकार गरेपछि सोही सूचनाको प्रकरण नं. ५ ले निर्धारण गरेको सर्तलाई हाल आएर अन्यथा भन्न र बदरको माग दावी लिई पुनः प्रस्तुत हुन मिल्ने देखिँदैन । यस्तो व्यहोराले निवेदकको दोहोरो चरित्र प्रस्तुत हुनपुगेको देखिन्छ । आफूलाई सुविधा हुँदा त्यही सूचनालाई स्वीकार गर्ने र पछि आएर आफूलाई असर गर्ने जस्तो लागेमा त्यसको विरूद्ध अदालतमा आउन पाउने दोहोरो सुविधा निवेदकलाई कानूनतः रहे भएको पाइँदैन । त्यसमा विवन्धनको सिद्धान्तसमेत आकर्षित हुन नसक्ने भन्न मिल्ने नदेखिने ।

निवेदकले उक्त राजपत्रको सूचनाबमोजिम सर्त पूरा गरी अनुमतिपत्र प्राप्त गर्ने र सेवा सञ्चालन गर्नसक्ने अवस्था रहेको हुँदा रिट निवेदकको निवेदन लेखाइमा उल्लेख भएजस्तो कुनै हक अधिकारमा आघात परेको भन्न मिल्ने अवस्था देखिएन । साथै फ्रिक्वेन्सी राज्य अधीनस्थ स्रोत भएकाले राज्यको अधीनमा रहने प्राकृतिक स्रोतको प्रयोग र प्रचलन कसरी गर्ने भन्ने सम्बन्धमा राज्यले प्रविधिमा आएको परिवर्तनसँगै समयानुकूल परिमार्जन गर्ने नीतिले तय गर्ने विषय भएकोमा विवाद छैन । तर त्यसरी परिमार्जन हुने अथवा नयाँ बन्ने नीतिमा संविधान र कानूनको प्रतिकूल भएमा, क्षेत्राधिकारको त्रुटि देखिएमा, प्राकृतिक न्यायको सिद्धान्तको अतिक्रमण भएको अवस्थामा र कानूनको प्रत्यक्ष त्रुटि भएको अवस्थामा सर्वोच्च अदालतले आफ्नो असाधारण अधिकार प्रयोग गरी त्यसमा हस्तक्षेप गर्नसक्ने ।

दूरसञ्चार सेवाका रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्य) सम्बन्धी नीति, २०६९ को दफा १० बमोजिम फ्रिक्वेन्सी वितरण सम्बन्धमा जी.एस.एम.मोबाइल सेवाको लागि छुट्याइएका ९०० MHz र १८०० MHz फ्रिक्वेन्सीमध्ये कुनै सेवा प्रदायकलाई ९०० MHz मा फ्रिक्वेन्सी नपुग भएमा त्यसको १.५ गुनाका दरले १८०० MHz

मा फ्रिक्वेन्सी उपलब्ध गराइने भन्ने नीतिमै उल्लेख भएको र दूरसञ्चार सेवा सञ्चालनको लागि आवश्यक पर्ने फ्रिक्वेन्सी उपलब्धताको आधार र सेवा प्रदायकले प्रदान गर्न खोजेको प्रविधिसमेतको मूल्याङ्कनबाट फ्रिक्वेन्सी प्रदान गरिदै आएको भन्ने नेपाल दूरसञ्चार प्राधिकरणको लिखित जवाफसमेत रहेको अवस्थामा ९०० MHz मै फ्रिक्वेन्सी पाउनुपर्दछ भनी दावी गर्न मिल्ने नदेखिने।

साथै, अन्य सेवा प्रदायक सरहको फ्रिक्वेन्सी वितरणको माग गर्ने निवेदकले हाल रेडियो फ्रिक्वेन्सी प्रयोग गरी सञ्चालनमा रहेका ६ वटा दूरसञ्चारसेवा प्रदायक कम्पनीहरूमध्ये दुईवटा (स्मार्ट टेलिकम र यूटिएल) लाई मात्रै प्रत्यर्थी बनाएको देखियो । अन्य सेवा प्रदायकहरूलाई विपक्षी नै नबनाई दायर रिट निवेदनबाट निजहरूलाई समेत असर गर्ने गरी फ्रिक्वेन्सी वितरण मापदण्डको विषयमा अदालतले बोल्न अर्जुनप्रसाद उप्रेती वि. मन्त्रिपरिषद्समेत भएको उत्प्रेषण मुद्दामा (*नेकाप* २०६९, अङ्क २, पृष्ठ ३४५ मा (विपक्षी नबनाइएका अन्य पक्ष र निवेदकबीच असमानताको निवेदन जिकिरतर्फ अदालतले प्रवेश गर्न मिल्दैन) प्रतिपादित नजिर सिद्धान्तसमेतको आधारमा मिल्ने नदेखिने।

मिति २०६९।२।१ को भाग ५, खण्ड ५, सङ्ख्या ६२ को राजपत्रमा प्रकाशित आधारभूत टेलिफोन सेवाको लागि सूचनाको प्रकरण ५ को (क) र (ख) मा आवश्यक योग्यता तोकिदिएको पाइन्छ। निवेदक कम्पनीको उक्त राजपत्रको प्रकरण ५ को खण्ड (क) को योग्यता पूरा गरेको भए पनि खण्ड (ख) मा उल्लिखित सर्त पूरा नगरेकाले प्राधिकरणको मिति २०६९।१२।२९ को निर्णयबाट केही सर्तहरू तोकिदिएको भन्ने देखिने।

लिखितजवाफ र मिसिल संलग्न नेपाल दूरसञ्चार प्राधिकरणको निर्णय फाइलबाट तोकिएका निवेदक कम्पनीले पूरा गर्नुपर्ने सर्तहरू देहायबमोजिम रहेको देखिने।

(क) ग्रामिण दूरसञ्चार सेवा प्रदायकले आफ्नो अनुमतिपत्रमा सेवा पुर्‍याउनुपर्ने भनी तोकिएका सुरू अनुमतिपत्रमा उल्लेख भएका १६ जिल्लाको ५३४ गा.वि.स.मा गा.वि.स. ले छोएका जिल्ला विकास समितिको निमित्त तोकिएका इलाकामा एउटा वि.टि.एस.वा एक्सचेन्ज स्थापना गर्नुपर्ने,

(ख) अनुमतिपत्र पाएका सबै जिल्लामा नेटवर्क निर्माण तथा सेवा विस्तारको लागि आवश्यक यन्त्र उपकरण झिकाउनेलगायतका सम्पूर्ण सुविधा उपलब्ध गराउने र

(ग) फ्रिक्वेन्सीको हकमा दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्य) सम्बन्धी नीति, २०६९ (यसपछि फ्रिक्वेन्सी नीति भनिएको) को दफा १० बमोजिम उपलब्ध ९०० MHz तथा १८०० MHz मा फ्रिक्वेन्सी उपलब्ध गराइने।

तोकिएको योग्यता र सर्तहरू पूरा गर्ने दायित्व सबै सेवाप्रदायक कम्पनीहरूमा रहे भएकोमा पनि विवाद छैन र त्यस्तो सर्तहरू पूरा गर्ने सबै सेवा प्रदायक कम्पनीहरूलाई प्राधिकरणले अनुमतिपत्र दिन्न भन्न मिल्ने पनि देखिँदैन । निवेदक आफैँले प्रकरण १२(ङ) मा प्राधिकरणले तोकिदिएका सर्तहरू पूरा गरेको छैन भनी स्वीकार गरेको अवस्थामा आधारभूत टेलिफोन सेवाको

अनुमतिपत्र पाउन निवेदक योग्य भइसकेको रहेछ भनी अनुमान गर्न मिल्ने अवस्था पनि नदेखिने ।

निवेदक कम्पनीलाई मिति २०६४।७।२० मा GSM ९०० मेगाहर्जको २×५ मेगाहर्ज फ्रिक्वेन्सी दिएकोमा निवेदकले सेवा विस्तार गर्न नसकेको आधारमा मिति २०६५।१।२४ मा २×२.६ मेगाहर्ज फिर्ता लिई २×२.४ मेगाहर्ज मात्रै कायम गरिएको तथ्यलाई निवेदकले तत्काल अन्यथा भन्न सकेको पाइएन। २०६५ सालमा भएको निर्णयउपर तत्काल कुनै प्रतिक्रिया नजनाई यति लामो समय पछिमात्र आएर सो सम्बन्धमा प्रश्न उठाउन निवेदकलाई विलम्बको सिद्धान्तले समेत मिल्ने नदेखिने ।

अनुमतिपत्रको लागि आवश्यक पर्ने सर्त पूरा भए नभएको विषय अनुमतिपत्र जारी गर्ने सम्बद्ध निकायको विशुद्ध नियमनकारी अधिकार रहेको र यस्तो सर्तहरू पूरा गरे नगरेको भन्ने प्राविधिक र प्रविधिसम्बन्धी विषयमा अदालतबाट परीक्षण गरी मूल्याङ्कन हुनसक्ने अवस्था नहुँदा प्रस्तुत विषयमा असाधारण अधिकारक्षेत्रअन्तर्गत पर्न आएको निवेदनबाट निरूपण गर्न मिल्ने नदेखिनाले निवेदन मागबमोजिम विपक्षीहरूको नाममा आदेश जारी गरिरहनुपर्ने देखिएन । तसर्थ निवेदकले सूचना बमोजिम सर्त पूरा गरेको अवस्थामा अनुमति प्राप्त गर्न तथा सो अनुसारको फ्रिक्वेन्सी प्राप्त गरी सेवा सञ्चालन गर्नसक्ने नै अवस्था रहेको हुँदा तत्काल निवेदकको कुनै हक अधिकारमा आघात परेको नदेखिँदा निवेदक माग दावीबमोजिमको आदेश जारी गर्न मिल्ने देखिन नआउने ।

इजलास अधिकृत: ईश्वर पराजुली/विश्वनाथ भट्टराई

इति संवत् २०७० साल असोज १ गते रोज ३ शुभम् ।

६

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गोपाल पराजुली,** ०६८-WO-१२४३, उत्प्रेषण/परमादेश, *दिनेश चौधरी वि. सर्वोच्च अदालत, कठमाडौं*

देशभरिका सबै अदालत तथा न्यायाधिकरणसमेतले सरोकारवालाको मागको आधारमा मिसिल सामेल रहेका कागजातहरू प्रमाणित गर्ने गर्दछन् । अदालत, न्यायाधिकरण र फैसला कार्यान्वयन निर्देशनालयसमेतबाट के कति कागजातहरू प्रमाणित भएका छन्, अदालतसमेतबाट प्रमाणित नक्कल कागजातले कानूनबमोजिम आधिकारिकता पाइसकेका छन् तिनै प्रमाणित कागजातका आधारमा के कति मुद्दाहरूको उठान भइसकेको छ, प्रमाणमा ग्रहण भइसकेको छ, कति सुरू अदालतका फैसलाका नक्कलका आधारमा पुनरावेदन परी फैसला भई फैसला कार्यान्वयन भइसकेका छन्, कति विचाराधीन अवस्थामा छन्, त्यसतर्फ कुनै विचारै नगरी ती कागजातहरूको आधारमा न्याय र अधिकार प्राप्त गर्ने नागरिकहरूको संविधान तथा कानूनी हक अधिकारमा प्रतिकूल असर पर्ने गरी भइसकेको काम कारवाहीलाई अमान्य र बदर घोषित गर्न नमिल्ने ।

अड्डा अदालतमा रहेका मिसिलमा संलग्न कागजातहरूको कानूनबमोजिम दिइने

नक्कलगायतका कागजातमा दर्जा पुगेको कर्मचारीले प्रष्ट बुझिने गरी दर्जा खुलाई शिर वा पुछारमा कुनै एक ठाउँमा पूरा नामको दस्तखत गर्नुपर्ने देखिन्छ । यो अनिवार्य व्यवस्था हो । तर, धेरै पेज वा प्रति भएमा पहिलो एक पेजको शिर वा पुछारमा कुनै एक ठाउँमा दस्तखत गर्ने कर्मचारीले पूरा नामको दस्तखत गरी अन्य ठाउँमा छोटकरी दस्तखत गर्दा हुने गरी व्यवस्था भएको देखिन्छ । कुनै एक ठाउँमा दस्तखत गरी अन्य ठाउँमा दस्तखत नगरी छाप लगाउन पाउने व्यवस्था यो नं. मा उल्लेख भएको पाइँदैन । साथै त्यस्तो दस्तखत देवनागरी अक्षरमा नै हुनुपर्ने भनी प्रष्टरूपमा निर्देश गरेको देखिने ।

यस अदालतबाट मिति २०६८।८।२९ गते सो कानूनी व्यवस्थाबमोजिम गर्ने गराउने भनी परिपत्र भएको देखिन्छ । सो परिपत्र कानूनबमोजिम गर्ने गराउने सम्बन्धमा जारी भएकाले त्यो सर्वाधिक महत्त्वको परिपत्र हो । कानूनमा नै स्पष्ट व्यवस्था भएकोमा सोबमोजिम हुनुपर्ने हो । उल्लिखित कानूनी व्यवस्था र सोको अतिरिक्त कानूनबमोजिम गर्ने गराउने भनी परिपत्र जारी भएपछि पनि सोबमोजिम नभएको भन्ने कुरा निवेदकले निवेदनसाथ प्रमाणको लागि भनी पेस गरेको मिति २०६९।३।७ मा यस अदालतबाट प्रमाणित भएको नक्कलमा एक ठाउँमा मात्र दस्तखत गरेकोबाट समर्थित हुन आएको छ । उल्लिखित कानूनी व्यवस्थाअनुसार नक्कल कागजात दिँदा कानूनको यो रीत पुर्‍याई गर्नुपर्दछ भनी प्रष्ट व्यवस्था उल्लेख भएको अवस्थामा सो कानूनी व्यवस्थाको कडाइका साथ लागू गर्नुपर्ने हुन्छ । त्यसमा पनि यस अदालतका सम्माननीय प्रधानन्यायाधीशज्यूबाट समेत सो कानूनी व्यवस्था कार्यान्वयन गर्ने भनी तोक आदेश भई सोबमोजिम यस अदालतबाट परिपत्र पनि भएको देखिँदा सो परिपत्र कार्यान्वयन भए नभएको सम्बन्धमा सर्वोच्च अदालत आफ्नो, पुनरावेदन अदालत, जिल्ला अदालत र न्यायाधिकरणसमेतको नियन्त्रण र मार्गदर्शन गर्ने निकाय हुँदा यस अदालतबाट यथोचित अनुगमन भएको देखिएन । अतः मुलुकी ऐन, कागज जाँचको महलको १० नं. को व्यवस्थाले निर्देश गरेबमोजिम सबै अदालतहरूबाट नक्कल कागजात प्रमाणित गर्ने गराउने व्यवस्था प्रभावकारीरूपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु भनी विपक्षी यस अदालतका रजिस्ट्रारको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल असार १० गते रोज ३ शुभम् ।

७

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री गोपाल पराजुली,** ०७०-WO-०८९६, उत्प्रेषण/परमादेश, *मतिबुल्लाह मुसलमान वि. निजामती किताबखाना, हरिहरभवन, ललितपुरसमेत*

शैक्षिक संस्थाबाट जारी भएको प्रमाणपत्र, नागरिकता प्रमाणपत्र वा वैयक्तिक नोकरी विवरण (सिटरोल) मा किटिएको जन्ममितिबाट हुन आएको उमेरलाई अवकाशको आधार मान्नुपर्ने तर निवेदकको हकमा विपक्षी निजामती किताबखानाले सोलाई आधार नलिई २०३३ सालमा भरिएको १ पाने सिटरोलमा २० वर्ष उल्लेख गरेको आधारमा २०१३।४।१ जन्ममिति कायम गरी अवकाश मिति कायम गरेको देखिन आयो ।

विपक्षी निजामती किताबखानाले ऐ.नियमावली, २०५० को नियम १०२क को उपनियम (३) को प्रतिबन्धात्मक वाक्यांशको आधारमा अवकाशको पत्र दिएको भनी लिखित जवाफमा उल्लेख गरेको देखिन्छ। तर, मूल उपनियम (३) मा कुनै प्रमाणपत्रमा वर्षमात्र उल्लेख भएको र अर्को प्रमाणपत्रमा पूरा जन्ममिति खुलेको रहेछ तथा त्यस्तो प्रमाणपत्रमा उल्लिखित जन्ममितिहरूको बीचमा एक वर्षसम्मको अन्तर देखिएमा पूरा खुलेको जन्ममितिलाई आधार मान्नु पर्नेछ भन्ने व्यवस्था गरेको देखिन्छ । यो व्यवस्थाको प्रयोजनको लागि निवेदकले विपक्षी निजामती किताबखानामा पेस गरेको शैक्षिक योग्यतासमेतका प्रमाणपत्रमा जन्ममिति २०१४।८।१२ भनी उल्लेख भएको र अन्य कुनै प्रमाणहरू पेस भई पेस भएका कागजातबाट सोभन्दा फरकफरक जन्ममिति उल्लेख भई जन्ममितिको बीचमा अन्तर रहेको नदेखिने।

उल्लिखित आधार कारणसमेतबाट विपक्षी निजामती किताबखानाले यी निवेदक मतिबुल्लाह मुसलमानको जन्म मिति २०१३।४।१ कायम गरी सोही जन्म मितिको आधारमा मिति २०७१।३।३२ मा ५८ वर्ष उमेर हद पूरा भई २०७१।४।१ गते देखि अनिवार्य अवकाश दिने भनी मिति २०७०।५।२७ मा लेखेको पत्र र सोको आधारमा भएका सम्पूर्ण पत्राचारसमेत त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निज निवेदक मतिबुल्लाह मुसलमानको मिति २०१४।८।१२ लाई जन्म मिति कायम गरी अभिलेखलगायतका सो व्यहोरा जनाउनुपर्ने कागजातहरूमा संशोधन गरी मिति २०१४।८।१२ बाट उमेर हदको कारणले ५८ वर्ष उमेर पूरा हुनुअगावै अर्थात् मिति २०७२।८।११ अगावै सेवाबाट अवकाश नदिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने । साथै अब आइन्दा निजामती कर्मचारीको अवकाशका सम्बन्धमा देखिएका समस्यालाई सम्बोधन गर्नेतर्फ विपक्षी निजामती किताबखानाको नाममा यो निर्देशनात्मक आदेशसमेत जारी हुने।

१. कुनै कर्मचारीले पेस गरेको नागरिकतामा पूरा जन्म मिति उल्लेख नभई वर्षमात्र उल्लेख भएको रहेछ र शैक्षिक योग्यताका प्रमाणपत्र तथा अन्य कागजातमा जन्म मिति प्रष्ट खुलेको रहेछ भने निज कर्मचारीको अवकाश प्रयोजनको लागि जन्म मिति यकिन गर्दा शैक्षिक योग्यतालगायतका प्रमाणपत्रबाट खुलेको वर्ष, महिना र गतेलाई जन्म मिति कायम गरी निजामती सेवा ऐन, २०४९ को दफा ३३ बमोजिम अवकाश मिति कायम गर्ने।
२. एकपाने सिटरोलको हाल व्यवस्था नभएको, तत्कालको एकपाने सिटरोल र हालको १३ पाने सिटरोलमध्ये जुनमा आधिकारिक जन्मदिन भनी जन्म मिति खुल्छ, सोलाई आधार मानी अवकाश दिने व्यवस्था मिलाउने।
३. निजामती कर्मचारी आफैँले आफ्नो जन्म मितिसँग मेल खाने गरी उमेर घोषणा गरेको भए सोलाई मान्यता दिने।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७१ साल भदौ ३१ गते रोज ५ शुभम्।

८

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६८-WO-११९४, उत्प्रेषण/परमादेश, *हरिबहादुर विश्वकर्मा वि. चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा, चितवनसमेत*

रिट निवेदकले पुनरावेदनको माध्यमबाट समान्य कानूनी प्रक्रियाबमोजिम प्रस्तुत रिट निवेदनमा दावी लिएको विषयमा न्यायिक उपचार प्राप्त गर्न सक्ने अवस्था र स्थिति विद्यमान हुँदाहुँदै यस अदालतको असाधारण अधिकारअन्तर्गत रिट क्षेत्रमा प्रवेश गरी प्रस्तुत रिट निवेदन दायर गरेको देखिएकाले सामान्य कानूनी प्रक्रियाबाट निरूपण हुने विवादको विषयमा रिट क्षेत्रबाट बोल्न नमिल्ने भएकाले प्रस्तुत रिट निवेदनको औचित्यमा प्रवेश गरी न्याय निरूपण गरिरहनु नपर्ने हुँदा निवेदकको माग दावीबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नभएकाले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल साउन २८ गते रोज ४ शुभम्।

९

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६७-CR-११०१, ०६८-CR-०५२१, ०६६८, कर्तव्य ज्यान, *टीकाराम राईसमेत वि. नेपाल सरकार, सन्तोष राई वि. नेपाल सरकार, अनिश राई वि. नेपाल सरकार*

प्रतिवादी सन्तोष राईले प्रहार गरेको खुकुरीको चोटको कारण मृतक गणेश नेवार (श्रेष्ठ) को मृत्यु भएको हुँदा निज सन्तोष राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं बमोजिम सजाय गरिपाउँ भनी वादी पक्षले अभियोग माग दावी लिएको देखिन्छ । उक्त १३(१) नं मा धार भएको वा नभएको जोखिमी हतियार गैह्रले हानी घोची ज्यान मारेमा जतिजना भै हतियार छाडेको छ उतिजना ज्यानमारा ठहर्छन्, सर्वस्वसहित जन्म कैदको सजाय गर्नुपर्छ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । प्रतिवादी सन्तोष राईले प्रतिवादीहरू टीकाराम राई, अनिश राई, सानु गुरूङसमेतले गरेको पोल झुट्टा हो, आफू वारदातको दिन र समयमा वारदातस्थलमा नभई खोटाङ जिल्लामा थिएँ भनी अन्यत्रस्थल (Alibi) रहेको जिकिर लिई सुरू सुनसरी जिल्ला अदालतमा इन्कारी रही बयान गरेको देखिन्छ । अन्यत्रस्थल (Alibi) रहेको जिकिरको सम्बन्धमा हेर्दा प्रमाण ऐन, २०३१ को दफा २७ को उपदफा (१) मा भएको कानूनी व्यवस्थाबमोजिम आरोपित कसुरबाट सफाइ वा छुट पाउनको लागि घटनास्थलमा उपस्थित नभई अन्यत्र थिएँ भन्नका लागि प्रतिवादीले आफूले अन्यत्र स्थल (Alibi) को दावी पुष्टि गर्नु पहिलो र अनिवार्य सर्त हो। प्रतिवादीको जिल्ला अदालतमा भएको बयान हेर्दा पुर्ख्यौली घर खोटाङ भई हाल धरान नगरपालिका वडा नं १७ रत्न चोकमा बसोवास गर्ने गरेको भन्ने देखिन्छ । सहप्रतिवादी टीकाराम राई, अनिश राई र सानु गुरूङले धरान रत्न चौक बस्ने सन्तोष राईले मृतकलाई खुकुरी प्रहार गरेको भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको देखिन्छ। यसबाट वारदातको दिन प्रतिवादी सन्तोष राई धरानमा नै रहे भएको भन्ने देखिन्छ । धरानमा बसोवास गर्दै आएका यी प्रतिवादी सन्तोष

राई आफू कुन समयमा खोटाङ गएको भनी भन्न सकेको देखिँदैन। आफू अन्यत्र रहेको भनी अन्यत्रको दावी लिनेले कानूनतः आफू त्यसरी अन्यत्र रहेको पुष्टि गर्नुपर्ने हुन्छ । केवल लगाइएको आरोपबाट सफाइ पाउने मनसाय र उद्देश्यले मात्र अन्यत्र रहेको थिएँ भन्ने कुरा तर्कयुक्त र स्वीकार्य हुन नसक्ने ।

घटनास्थलमा नभई अन्यत्र खोटाङ जिल्लामा भएको कुरा यी प्रतिवादीले विवादरहित प्रमाणबाट प्रमाणित गर्नुपर्नेमा प्रतिवादी सन्तोष राईले आफू खोटाङमा रहे भएको कुरा प्रमाणित गर्न सकेको देखिँदैन । निजका साक्षीले प्रतिवादीलाई वारदातको दिन र समयमा खोटाङको मात्तिममा भेटेको भनी बकपत्र गरेको भए तापनि लिखितरूपमा अदालतलाई विश्वास दिलाउन सकेको अवस्था देखिएन । यसबाट यी प्रतिवादीले कसुरबाट उम्कन मात्र अन्यत्रस्थलमा रहे भएको भनी इन्कारी बयान गरेको देखियो। यस अदालतको संयुक्त इजलासबाट पुनरावेदक दीपकबहादुर घिमिरे विरूद्ध नेपाल सरकार (*नेकाप* २०७१ साउन, निर्णय नं ९१४४, पृष्ठ ४४२) मा प्रतिपादित सिद्धान्तअनुसार पनि आफू अन्यत्र स्थलमा रहेको (Alibi) जिकिर स्वतन्त्र र तथ्यपूर्ण प्रमाणबाट समर्थित गराएमा मात्रै प्रमाणको लागि ग्राह्य हुन सक्ने ।

घटनास्थल लास जाँच मुचुल्का, मृत्युसँग सम्बन्धित मृतकका फोटोहरू तथा शव परीक्षण प्रतिवेदनसमेतका प्रत्यक्ष प्रमाण कागजहरूबाट पनि उपरोक्त व्यहोराले पोल गरी गरेको बयान समर्थित भएको देखिँदा यी प्रतिवादीले प्रहार गरेको खुकुरीको चोटबाट मृतक गणेश नेवार (श्रेष्ठ) को मृत्यु भएको तथ्य प्रमाणित हुन आउने ।

डर, धम्की र कुटपीटबाट बयान गराई साबित गराएको भन्ने तथ्य प्रमाणित नभएबाट निजहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान स्वेच्छाको भई निजहरूको विरूद्ध प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रमाणमा लिन मिल्ने ।

प्रतिवादीहरूले वारदातको दिन मृतकसमेतलाई घेरा हाली कुटपीट गरेको अवस्थामा प्रतिवादी सन्तोष राईले खुकुरीले प्रहार गर्दा मृतक गणेश नेवार (श्रेष्ठ) को मृत्यु भएको देखिन्छ । घटनाका प्रत्यक्षदर्शी किर्तन श्रेष्ठले पनि यी प्रतिवादीहरूले कुटपीट मात्र गरेको भनी लेखाइदिएको र लाक्पा शेर्पालाई खोज्दै जाँदा मृतकसमेतलाई भेटी एक्कासी परिस्थितिवश घेरा हाली कुटपीट गरेको भन्ने देखिन आएको र सन्तोष राईको खुकुरी प्रहारबाट मृतकको मृत्यु भएको, यी प्रतिवादीहरूको कुटपीटबाट मृतकको मृत्यु भएको नदेखिनुको साथै मार्नुपर्नेसम्मको पूर्व योजना र मनसाय पनि भएको नदेखिएकाले प्रतिवादीहरू टीकाराम राई, अनिश राई र सानु गुरूङलाई जनही ८।८ वर्ष कैद सजाय गर्दा न्यायको उद्देश्यसमेत पूरा हुन जाने भएकाले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम प्रतिवादीहरू टीकाराम राई, अनिश राई र सानु गुरूङलाई जनही ८।८ वर्षको कैद सजाय हुने ।

इजलास अधिकृत: भीमबहादुर निरौला
कम्प्युटर: विकेश गुरागाईं
इति संवत् २०७१ साल असोज २७ गते रोज २ शुभम् ।

१०

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६९-WO-११०३, उत्प्रेषण/परमादेश, *सीताराम अग्रहरि वि. गोरखापत्र संस्थान, धर्मपथ न्युरोड, काठमाडौंसमेत*

११ औं तहको कर्मचारीलाई १० औं तहको पदमा कामकाज गर्नु भनी गरेको सरूवा समान तहको नभई तल्लो तहमा गरेको देखिँदा कुनै पनि बहाना वा तर्कको आधारमा त्यसको औचित्यता साबित हुनसक्ने नदेखिने।

आफ्नो तह र पदमा भन्दा तल्लो तहमा खटाउने, निर्णय गर्दा सो निर्णय गर्नुपूर्व यी निवेदकलाई सो गर्नुको उचित कारण कानूनका आधारसहित प्रतिवादको मौका दिनुपर्नेमा सो दिइएको प्रत्यर्थीहरूको लिखित जवाफबाट देखिन आउँदैन । प्रतिवादको मौका नदिई गरिएको निर्णय प्राकृतिक न्यायका सिद्धान्तविपरीत भई सो निर्णय प्रथम दृष्टिमा नै बदरभागी हुने।

११ औं तहमा कार्यरत रिट निवेदकलाई १० औं तहको "मधुपर्क" मासिकको सम्पादक पदमा काम गर्न खटाउने गरी भएको मिति २०७०।१।२ को निर्णय र गोरखापत्र संस्थानको च.नं. ३७०९/०६९/०७० मिति २०७०।१।२ को पत्र कानूनप्रतिकूल दुराशययुक्त र अधिकारको अतिक्रमण गरी गरेको कार्य हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने।

रिट निवेदक गोरखापत्र संस्थानका तह ११ को पत्रकारिता सेवामा कार्यरत् रहेको र उक्त विनियमावलीको विनियम ४३ख को व्यवस्थाबमोजिम प्रधान सम्पादकको पदमा पत्रकारिता सेवा बाहेक अन्य कसैलाई नियुक्त गर्न नमिल्ने हुनाले यी रिट निवेदकलाई उक्त विनियम ४३ख ले तोकेको पदमा मात्र काममा लगाउनु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने।

इजलास अधिकृत: ईश्वर पराजुली

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल माघ ४ गते रोज १ शुभम्।

११

**स.का.मु.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CI-०११८, मोही नामसारी, मिरूवती गडेरी वि. जुनादेवी दाहाल

मोही सुकदेव गडेरीको श्रीमती पाटोदेवीको छोरा नभएकाले निजले मिति २०५१।३।१३ मा लिखत पारित गरी कालुरामलाई विधिवतरूपमा धर्मपुत्र राखेको देखिन्छ । निज पाटोदेवीको मिति२०६०।२।३० मा मृत्यु भएपछि निजको सम्पूर्ण सम्पत्तिमा धर्मपुत्र कालुरामको स्वतः हक सिर्जना भएको मान्नुपर्ने हुन्छ । कानूनले नै यति समयभित्र आफ्नो नाममा नामसारी गरिसकेको हुनुपर्छ भनी सर्तसहितको व्यवस्था गरेकोमा बाहेक अन्य हक जहिलेसुकै पनि नामसारी गर्न मिल्ने नै देखिँदा मोही हक पनि स्वतः हकवालामा सर्ने देखियो । भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) को कानूनी व्यवस्थाबाट निज धर्मपुत्रको नाममा मोहीहक स्वतः सर्ने स्पष्ट छ। उक्त सारवान् कानूनको व्यवस्थाबाट मोही हक हकवालामा

स्वतः प्राप्त हुने कुरामा विवाद नभएकाले मोहीको हकवालाले आफ्नो हक कायम गराइरहनुपर्ने अवस्था देखिएन । मोही हक ऐनले प्राप्त हुने हक भएको हुँदा धर्मपुत्र कालुरामले मोही नामसारी गराउन नमिल्ने भन्न मिल्ने हुँदैन । कानून व्याख्यासम्बन्धी ऐन, २०१० अनुसार छोरा वा पुत्र भन्नाले धर्मपुत्रलाई पनि जनाउने व्यवस्था रहेको र भूमिसम्बन्धी ऐन, २०२१ को चौथो संशोधनपश्चात धर्मपुत्रलाई समेत मोही हक प्राप्त हुने कानूनी व्यवस्था भएको अवस्थामा ऐन संशोधन हुनुपूर्व नै अर्थात् मिति २०५१।३।१३ मा लिखत पारित गरी पाटोदेवीले कालुरामलाई धर्मपुत्र राखेको देखिँदा त्यसलाई अन्यथा भन्न मिल्ने नदेखिने ।

मोही सुकदेवको मृत्युपछि अन्य कोही हकवाला नभएकोमा निजकी पत्नी पाटोदेवीमा मोही हक सर्ने कानूनी व्यवस्था भई मोही नामसारी नगराउँदै कानूनबमोजिम निजले धर्मपुत्र राखेको व्यक्तिले मोही नामसारी गरी पाउन निवेदन दिएको देखिँदा निज धर्मपुत्र कालुरामको नाममा मोरङ, कञ्चनबारी गा.वि.स. वडा नं. २(क) कि.नं. ८ बाट कि.का. भएको कि.नं. ४३२ को जग्गाको मोही नामसारी हुने ठहर्छ । तर निजको पनि मृत्यु भई निजकी पत्नी मिरूवतीले मुद्दा सकार गरेको देखिँदा निज सुकदेवको मोहीहक निजको धर्मपुत्र कालुरामको मोही हक सकार गर्ने मिरूवती गडेरीको नाउँमा मोही नामसारी हुने ठहर्छ । मरूवती गडेरीको नाममा मोही नामसारीमा दावी नपुग्ने ठहर गरेको भूमिसुधार कार्यालय, मोरङको निर्णय सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।३।२० को फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी हुने ।

इजलास अधिकृतः ईश्वर पराजुली

इति संवत् २०७१ साल असार २७ गते रोज ६ शुभम् ।

१२

**स.का.मु.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CI-०११९, मोही नामसारी, *मिरूवती गडेरी वि. जनककुमारी दाहाल*

मोही सुकदेवको मृत्युपछि अन्य कोही हकवाला नभएकोमा निजकी पत्नी पाटोदेवीमा मोही हक सर्ने कानूनी व्यवस्था भई मोही नामसारी नगराउँदै कानूनबमोजिम निजले धर्मपुत्र राखेको व्यक्तिले मोही नामसारी गरी पाउन निवेदन दिएको देखिँदा निज धर्मपुत्र कालुरामको नाममा मोरङ, कन्चनबारी गा.वि.स. वडा नं. २(क) कि.नं. ८ बाट कि.का भएको कि.नं.४३३ को जग्गाको मोही नामसारी हुने ठहर्छ । तर निजको पनि मृत्यु भई निजकी पत्नी मिरूवतीले मुद्दा सकार गरेको देखिँदा निज सुकदेवको मोही हक निजको धर्मपुत्र कालुरामको मोहीहक सकार गर्ने मिरूवती गडेरीको नाउँमा मोही नामसारी हुने ठहर्छ । मिरूवती गडेरीको नाममा मोही नामसारीमा दावी नपुग्ने ठहर गरेको भूमिसुधार कार्यालय, मोरङको निर्णय सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति

२०६७।३।२० को फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी हुने।

इजलास अधिकृतः ईश्वर पराजुली

इति संवत् २०७१ साल असार २७ गते रोज ६ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री सुशीला कार्की,** ०६९-CI-००३४, उत्प्रेषण/परमादेश, वीरेन्द्रबहादुर थापा वि. मालपोत कार्यालय, दैलेखसमेत

मिसिल संलग्न नापी कार्यालय, दैलेखले उतार गरी पठाएको क्षेत्रीय उतार किताब हेर्दा कि.नं. ९६ को जोताहाको महल र विरहको महलमा समेत जङ्गल जनिएको देखिन्छ भने उक्त कि.नं. को चार किल्लाभित्रको विरह महलको चारैतर्फ जङ्गल नै देखिन्छ । कि.नं. ९६ को जग्गाले २,२१,७७० वर्ग मिटर क्षेत्रफल ओगटेको जङ्गल रहेको कुरा क्षेत्रीय उतार किताबबाट नै स्पष्ट देखिन्छ । निवेदकले दावी लिएको जग्गा निवेदकले भोग आवाद गरी आएको र हकभोगभित्र रहेको जग्गा हो भन्ने देखिन आएन । निवेदकले निवेदन व्यहोरामा उक्त जग्गा बाबुबाट अंश पाई आफ्नो हकभोगको जग्गा हो भनी उल्लेख गरेका छन् तर निजले निवेदनसाथ अंशबन्डाको लिखत निवेदनसाथ पेस गरी हकाधिकार स्थापित गराउन सकेको मिसिलबाट देखिँदैन । हकाधिकार नै स्थापित नभएको कुरामा परमादेशको आदेश जारी हुन नसक्ने । निवेदकले दावी लिएको जग्गामा निवेदकको प्रथम दृष्टिमा नै (Prima Facie) हक अधिकार स्थापित भएमा मात्र परमादेशको आदेश जारी हुनसक्दछ । आफ्नो हक पुग्ने तथ्यपूर्ण एवम् आधारभूत प्रमाण देखाई कानूनद्वारा प्रत्याभूत हकाधिकारमा आघात पुग्न गएको तथ्य निवेदकले पुष्टि गर्न सकेको देखिँदैन। प्रस्तुत मुद्दामा निवेदकले उल्लेख गरेको कि.नं.१९८, १९९, २०० को जग्गामा आफ्नो हक पुग्ने निश्चित र यथार्थपरक प्रमाण पेस गरी आफ्नो निर्विवाद हक कायम भएको नदेखिनुका साथै उक्त जग्गा साविकको कि.नं. ९६ को जङ्गल हो भनी निवेदकले निवेदनमा नै उल्लेख गरेको देखिँदा निवेदन मागबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी नहुने ठहरी पुनरावेदन अदालत, सुर्खेतबाट भएको फैसला कानूनसम्मत नै देखिने।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ जेठ ११ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री बैद्यनाथ उपाध्याय,** ०७०-WH-००८९, बन्दीप्रत्यक्षीकरण, *सुभाष साहको हकमा अधिवक्ता सुरेश महतो वि. पुनरावेदन अदालत पाटन,ललितपुरसमेत*

एउटै मानिसलाई एउटै वारदात र एउटै कागजका आधारमा दुई छुट्टाछुट्टै निकाय जिल्ला अदालत र जिल्ला प्रशासन कार्यालयमा दुई छुट्टाछुट्टै जबर्जस्ती चोरी उद्योग र हातहतियार खरखजाना मुद्दा चली कैद सजाय भएकोमा दण्ड सजायको महलको ४१ नं. अनुरूप दुबै कलमको कैद ठेक्नुपर्दा जुन

कलममा कैदको सबभन्दा ठूलो हद हुन्छ सो हद ननाघ्ने गरी कैद ठेक्नपर्ने हुन्छ । अघि ठेकिएको कैदभन्दा पछि ठेक्ने कलमको हद घटी रहेछ भने थप कैद ठेक्न पर्दैन । तसर्थ निवेदकको हकमा दुई छुट्टाछुट्टै मुद्दाबाट कैद ठेकिएकोमा जुन ठूलो हदको कैद हो सोभन्दा बढी कैद सजाय हुने अवस्था देखिन नआउने ।

चोरीको १४(२) नं. बमोजिम हुने जरिवाना तिरे पनि कसुरदार थुनामुक्त हुन पाउँदैन, निजले थुनामा नै बस्नुपर्ने हुन्छ । त्यस्तो जरिवानाबापतको कैदको हद कायम गर्न नमिल्ने भनी दण्ड सजायको महलको ४१ नं. ले प्रतिबन्ध लगाएको पनि देखिँदैन । त्यसरी कानूनले प्रतिबन्ध नगरेको विषयमा जरिवानाबापतको कैद भनी पृथकीकृत गर्नु उपयुक्त हुँदैन । यस्तो कैद अन्य कानूनबमोजिम हुने कैदका अतिरिक्त थप कैद हो भन्ने पनि देखिँदैन । जरिवानाबापतको कैद पटक खाप्ने वा अन्य ऐनबाट भएको सजायमा थप हुने पनि नभएकाले यो छुट्टै कैदको हद छुट्टै थपी हद नाघ्ने गरी गर्नुपर्छ भन्न मिल्न नदेखिने ।

यसरी चोरीको १४(२) नं. बमोजिम हुने जरिवाना तिरेर कसुरदारले उन्मुक्ति पाउन नसक्ने भई कैदमा नै बस्नुपर्ने हुँदा जरिवाना गरेको भनिए पनि वस्तुतः त्यसको अभिप्राय, मतलब र स्वरूप कैद नै हो भनी मान्नुपर्ने हुन्छ । त्यस्तो कैदको हद कायम गर्नमा कुनै कानूनले पनि प्रतिबन्ध नलगाएको यस्तो स्थितिमा दण्ड सजायको महलको ४१ नं. बमोजिम कैदको हद कायम गर्ने सन्दर्भमा चोरीको १४(२) नं. बमोजिम जरिवानाबापत हुने कैदलाई अन्य कैदभन्दा पृथक राख्नु कानून र न्यायसङ्गत हुँदैन । निवेदकलाई जबर्जस्ती चोरी उद्योग मुद्दामा भएको जम्मा ३ वर्ष ५ महिना १४ दिन कैद हातहतियार खरखजाना मुद्दामा भएको ४ वर्ष कैदभन्दा सानो रहेको देखिएको र ती दुबै मुद्दा एउटै वारदातसँग सम्बन्धित देखिन आएकाले दण्ड सजायको ४१ नं. मा भएको कानूनी व्यवस्थाबमोजिम ठूलो कलमको कैद हातहतियार खरखजाना मुद्दामा ठहर भएको ४ वर्ष कैदको हदसम्म मात्र ठेकिनुपर्ने । निवेदकलाई जबर्जस्ती चोरी उद्योग मुद्दामा भएको कैद र जरिवानाबापतको कैदसमेत दण्ड सजायको महलको ४१ नं. बमोजिम हातहतियार खरखजाना मुद्दामा भएको कैद भन्दा सानो भएकाले सोमा भएको कैद वर्ष ४ ठेकिने भई निज मिति २०६६।१०।९ देखि पुर्पक्षका लागि थुनामा परेको देखिँदा निजको कैद अवधि २०७०।१०।८ मा नै समाप्त भएको देखिएको र जबर्जस्ती चोरी उद्योगतर्फको कैद र जरिवानाबापत हुने कैद सजाय ३ वर्ष ५ महिना १४ दिन तुलनात्मक घटी कैद सजाय भएकाले यसतर्फ कैद ठेक्नुपर्ने अवस्था रहेको देखिन नआउने । निवेदकले ठूलो हद ठेकिएको कैद सजाय भुक्तान गरेपश्चात पनि निजलाई थुनामुक्त नगर्ने विपक्षीहरूको कार्य कानूनविपरीतको देखिन आएकाले निवेदकलाई थुनामुक्त गरिदिनु भन्ने बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटर गर्नेः रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल साउन ३० गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CI-०८०७, परमादेश,

*सुशीलकुमार उपाध्याय वि. जिल्ला प्रशासन कार्यालय, ललितपुरसमेत*

पुनरावेदक सुशीलकुमार उपाध्याय र विपक्षी प्रमोदराज पन्त भई पुनरावेदकका नाममा रहेको भनिएको कि.नं. १६२ को १-४-० जग्गामा रहेको घर विपक्षी प्रमोदराज पन्तलाई टुरिजम कम्पनीको अफिस खोल्नका लागि १० वर्षका लागि भाडामा दिएको भन्ने मिति २०६२।६।१८ मा यी दुबै पक्षबीच भएको करारबाट देखिन्छ । सो मिति भन्दाअगावै घरबाट हटाउन पुनरावेदक सुशीलकुमारले प्रहरीमा उजुरी गरी प्रहरीले मलाई सो मितिअगावै घर नछाडे पक्राउ गरी थुनिदिन्छौं भनेकाले सो आशङ्काउपर प्रस्तुत मुद्दाका विपक्षी प्रमोदराज पन्तले पुनरावेदन अदालत, पाटनमा निषेधाज्ञासमेतको निवेदन दिएकोमा पुनरावेदन अदालतबाट उक्त निवेदन मिति २०६५।१०।८ मा खारेज भैसकेको देखिन्छ । यसरी यी पुनरावेदक सुशीलकुमार उपाध्याय र विपक्षी प्रमोदराज पन्तबीच घर भाडा लिई दिई हटाउने विषयमा विवाद रहेको र सोही विवादकै जरियाबाट प्रस्तुत परमादेशको निवेदनमा उल्लेख गरेको चोरी लुटपीट मुद्दा उठान भएको देखिन्छ । यी पुनरावेदकले पहिलो पटक मिति २०६५।५।११ मा रू.३,००,०००।– भन्दा बढीको सामान र पुनः दोस्रो पटक मिति २०६७।१०।१० मा रू.३,००,०००।– भन्दा बढीको सामानहरू विपक्षीले लुटी/चोरी लगेकाले महानगरीय प्रहरी परिसर जाउलाखेल, ललितपुरसमेतमा आवश्यक कारवाही गरिपाउँ भनी निवेदन दिएकोमा निजले सो निवेदनहरूमा चोरी वा लुटपीट के हो, सो सम्बन्धमा स्पष्टरूपमा सम्बन्धित कानूनअनुरूप उपचार माग गर्नुपर्नेमा सोतर्फ केही नगरी लामो समयपश्चात विलम्ब गरी केवल निवेदनमा कारवाही भएन, आवश्यक कारवाही गर्न परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिन नआँउदा पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।५।२१ मा रिट निवेदन खारेज हुने ठहऱ्याएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः कमलप्रसाद ज्ञवाली

कम्प्युटर गर्नेः बेदना अधिकारी

इति संवत् २०७१ साल जेठ २५ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CI-१४६६, उत्प्रेषण/ परमादेश, *गोपीलाल सुनार वि. कञ्चनपुर जिल्ला अदालतसमेत*

वादी शिवदत्त भट्ट प्रतिवादी गोपीलाल सुनारसमेत र वादी गणेशदत्त भट्ट प्रतिवादी गोपीलाल सुनार भएको २ वटा लेनदेन मुद्दा कञ्चनपुर जिल्ला अदालतमा क्रमशः मिति २०५९।१।१८ र २०५९।१।२७ मा दर्ता भएको प्रतिवादी गोपीलाल सुनारका नाममा समेत कञ्चनपुर जिल्ला अदालतबाट रीतपूर्वक म्याद तामेल भई वादीले लेनदेनको बिगो भराई पाउने ठहऱ्याई फैसला भएपश्चात सो फैसलाहरू कार्यान्यवयन भइसकेको कञ्चनपुर जिल्ला अदालतबाट प्राप्त मिसिलबाट देखिन्छ । यसरी रीतपूर्वक निवेदक गोपीलाल सुनारको नाममा म्याद सूचना जारी गरी कञ्चनपुर जिल्ला अदालतबाट मिति २०५९।१०।६ मा वादी दावी पुग्ने ठहऱ्याई फैसला भएको र सो

फैसला मिति २०६१।३।३० मा कञ्चनपुर जिल्ला अदालतका तहसिलदारका आदेशले कार्यान्वयन भइसकेको अवस्था देखिँदा सो फैसला एवम् आदेशउपर यी निवेदकले कानूनका म्यादभित्र कानूनी उपचार खोज्न नसकी अन्तिम भइरहेकोमा बेरीतपूर्वक म्याद तामेली भई सोही आधारमा भएको फैसला बदर गरिपाउँ भनी बिना कुनै कानूनी आधार र औचित्य लामो समयपश्चात मिति २०६८।४।८ मा उत्प्रेषणको आदेशद्वारा कञ्चनपुर जिल्ला अदालतका तामेलदारबाट भएको म्याद तामेली एवम् फैसला बदर गरिपाउँ भन्ने पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिँदा पुनरावेदन अदालत, महेन्द्रनगारबाट मिति २०६८।११।९ मा रिट निवेदन खारेज हुने ठहऱ्याएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः कमलप्रसाद ज्ञवाली

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल जेठ २५ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-०४९८, निषेधाज्ञा/परमादेश, *मतिराज शर्मा वि. विद्यालय व्यवस्थापन समितिका अध्यक्ष झुपलाल खनालसमेत*

शिक्षक पानबहादुर खत्रीलाई निमित्त प्रधानाध्यापकको जिम्मेवारी दिनेसमेतको कार्य सोही विद्यालयकै शिक्षक कर्मचारीहरूको बैठक एवम् निवर्तमान प्रधानाध्यापक एवम् विद्यालय व्यवस्थापन समितिले नीतिगतरूपमै निर्णय गरी गरेको देखिन्छ । निमित्तको छुट्टै सेवा, सर्त, सुविधा नभएको र कानूनले निमित्त तोक्नेसम्बन्धी अनिवार्य व्यवस्था गरेकोसमेत पाइन्न । निमित्तको जिम्मेवारी दिने विषय सो पदमा तोकिएको व्यक्ति जिम्मेवारी सम्हाल्न नआएसम्मका लागि तत्कालको काम चलाउका लागि हो भन्ने तथ्यमा कुनै विवाद हुन सक्तैन । कानूनले निमित्त तोक्नेसम्बन्धी अनिवार्य व्यवस्था नगरेको अवस्थामा कुनै पनि संस्थामा वरिष्ठतम जतिसुकै व्यक्तिको पदाधिकार भए पनि वा एक अर्काको अभावमा कनिष्ठतम व्यक्तिले समेत संस्था सम्हाल्नुपर्ने अवस्था आउँछ । प्रस्तुत मुद्दाको विषयमा निवेदक के कुन हकबाट वञ्चित हुनुपरेको हो ? निजले सो खुलाउन नसकेको र निजले नै निमित्त प्रधानाध्यापकको जिम्मेवारी पाउनुपर्ने कानूनी व्यवस्थाको अभावमा निवेदकको मागबमोजिम उपचार दिन सक्ने अवस्था नदेखिँदा निवेदन मागबमोजिमको निषेधाज्ञामिश्रित परमादेशको आदेश जारी नगरी निवेदन खारेज हुने ठहराएको पुनरावेदन अदालत, बुटवलको मिति २०६७।११।१० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : कमलप्रसाद ज्ञवाली

कम्प्युटर : कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ २५ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CI-०५०८, क्षतिपूर्ति हर्जाना दिलाई पाऊँ, *नरबहादुर श्रीस वि. जिल्ला विकास समितिको कार्यालय, बागलुङसमेत*

स्थानीय तहमा योजनाको कार्यान्वयन

र सञ्चालन गर्ने जिम्मेवारी प्राप्त उपभोक्ता समिति तथा वडा भेलाले सुरू पारित सर्वे लाइन धम्जा देउराली अमरभूमि-९ मेहेले मर्स्याङ्दी खोलाको बाटोलाई परिवर्तन गरी निवेदन दावीको जग्गातर्फबाट बाटो लैजानेसमेतको कार्य गरेको र सो उपभोक्ता समितिलाई विपक्षी नबनाई जिल्ला विकास समितिको कार्यालय, बागलुङ र ऐ. का प्रमुख एवम् स्थानीय विकास अधिकारीबाट यो यस कानूनी आधारबाट क्षतिपूर्ति भराई पाउँ भनी स्पष्टरूपमा भन्न सकेको नपाइँदा उपभोक्ता समितिको सक्रियताबाट बाटो खन्ने कार्य भएको देखिँदा वादी दावीअनुसार क्षतिपूर्ति हर्जाना भराउन सक्ने अवस्था नरहँदा वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः कमलप्रसाद ज्ञवाली

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ २५ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CI-०५११, निषेधाज्ञा/ परमादेश, *नरबहादुर श्रीस वि. जिल्ला विकास समितिको कार्यालय, बागलुङसमेत*

मिति २०६७।३।२३ मा जिल्ला विकास समिति बागलुङका प्रमुख एवम् स्थानीय विकास अधिकारीको अध्यक्षतामा बसेको जिल्ला स्थित राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिहरूको सर्वदलीय बैठकबाट चालु आ.व. २०६६/०६७ मा कृषि सडकतर्फ विनियोजन भएको रू.१,५०,०००।– को बजेटलाई प्राविधिकबाट भएको सर्वेलाइन र भएको कामको आधारमा मूल्याङ्कन गरी फरफारक गर्ने निर्णय भएको व्यहोरा सो निर्णयको प्रतिलिपिबाट देखिन्छ । सो व्यहोरालाई यिनै निवेदक नरबहादुर श्रीस पुनरावेदक र जिल्ला विकास समितिको कार्यालय, बागलुङसमेत विपक्षी भएको क्षतिपूर्ति हर्जाना दिलाई पाउँ भन्ने मुद्दामा यिनै निवेदकले स्वीकार गरी आफ्नो दावी लिएको देखिँदा बाटो खन्ने कार्य सम्पन्न भइसकेको देखिन्छ । यसर्थ प्रस्तुत विवादमा बाटो खन्ने कार्य नै सम्पन्न भई आशङ्काको अवस्था विद्यमान रहेभएको नदेखिँदा निवेदन मागबमोजिम निषेधाज्ञामिश्रित परमादेशको आदेश जारी गर्ने अवस्था नदेखिँदा निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः कमलप्रसाद ज्ञवाली

इति संवत् २०७१ साल जेठ २५ गते रोज १ मा शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-wo-०१९४, उत्प्रेषण, *बाबुराम भण्डारी वि प्रशासकीय अदालत, सिंहदरबार, काठमाडौंसमेत*

निवेदकले आफ्नो निवेदन व्यहोरामा निजउपर लगाइएको आरोप विभिन्न कारणहरूले उचित नभएको भन्ने जिकिर लिएको देखिन्छ, तथापि उक्त आरोपहरूका सम्बन्धमा निजसँग लिइएको स्पष्टीकरणमा उठेका विषयलाई निवेदन जिकिरमा समेत तर्कयुक्तरूपमा खण्डन गर्न सकिएको पाइँदैन । कुन कानून वा कार्यविधिको अनुशरण र अवलम्बन नगरी विभागीय सजाय गरिएको हो भन्नेतर्फ पनि निवेदकले स्पष्ट व्यहोरा उल्लेख गर्न सकेको नपाइने ।

विभागीय सजायको आदेश गर्ने अधिकारीको निर्णयमा स्पष्टरूपमा कानूनको

परिपालना भएको नदेखिएको बाध्यात्मकरूपले पालना गर्नुपर्ने कार्यविधिको अवलम्बन नगरिएको, प्राकृतिक न्यायको भावनाविपरीत भई निर्णय भएको वा अन्य कुनै स्पष्ट कानूनी त्रुटि देखिएको अवस्था प्रस्तुत विषयका सन्दर्भमा रहेको पाइएन । रिट निवेदकले निवेदनमा तथ्यको विश्लेषण गर्नेतर्फ मात्र केन्द्रित भएको देखिन्छ । विभागीय सजायको आदेश एक तहमाथि पुनरावेदनको रोहमा पुनर्विचार भइसकेको छ । प्रशासकीय अदालतले रिट निवेदकले उठाएका प्रश्नहरूमा हेरी निर्णय गरेको छ र सो हेर्नसक्ने निकाय सो अदालत नै हो । यस्तो सजायलाई कानूनबमोजिम अधिकारप्राप्त निकायमा पुनरावेदन परी सो निकायबाट समेत अन्तिम भएको अवस्थामा उक्त मुद्दाको तथ्यमा प्रवेश गरी विषयवस्तुको विवेचना गर्नुपर्ने स्थितिको सिर्जना हुन सक्तैन । विभागीय कारवाही सदर गरेको प्रशासकीय अदालतको निर्णयमा कुनै कानूनी त्रुटि नभएसम्म यस अदालतबाट रिट क्षेत्राधिकारअन्तर्गत त्यस्तो कामकारवाहीमा हस्तक्षेप गर्नु युक्तिसङ्गत हुन नआउने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटर गर्नेः कल्पना बर्तौला

इति संवत् २०७१ साल भदौ २४ गते रोज ३ शुभम् ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CI-१०४४, लेनदेन, *छोटेलाल साह तेली वि. मोहनप्रसाद सिंह*

अन्य भरपाईमा के बापत रकम लेनदेन भएको हो भन्ने खुल्न नआएको र बापत सम्बन्धमा नै वादी प्रतिवादीतर्फको मुख मिल्न नआएको देखिँदा लेनदेन व्यवहारको ५ नं. को व्यवस्था प्रस्तुत मुद्दाको सन्दर्भमा आकर्षित हुने नै देखिने ।

वादी मोहनप्रसाद सिंह साहु र प्रतिवादी छोटेलाल साह ऋणी भई कपाली तमसुक गरेपछि सोबमोजिम रकम पाउने हक पनि निज साहुलाई नै हुन्छ । लिखतमा उल्लेख भएको साहुलाई रकम नबुझाई कुनै कारण देखाई साहुका सगोलकै भए पनि निजका नातेदारलाई रकम बुझाउन पाउने कानूनी आधार विद्यमान देखिँदैन । सगोलमा मुख्य भई कामकाज गर्नेले लेनदेन व्यवहार गर्नसक्ने भनी लेनदेन व्यवहारको महलमा उल्लेख भए तापनि ऋणबापतको रकम त्यस्तो व्यक्तिले हरेक अवस्थामा बुझ्न सक्ने भनी अर्थ गर्दा सम्बन्धित धनीको हकमा असर पर्न गई व्यवहारमा जटिलता आउनसक्ने सम्भावनालाई नकार्न सकिँदैन । तसर्थ लिखतमा उल्लिखित साहुको अख्तियारीबेगर अरू कुनै व्यक्ति चाहे नातेदार नै किन नहोस् त्यस्तो व्यक्तिलाई बुझाएको भन्दैमा साहुको कपाली तमसुकबमोजिमको हक निष्क्रिय हुन सक्तैन । प्रतिवादीले साहुलाई रकम बुझाएको भन्न नसकेकोमा वादी दावीबाट प्रतिवादी मुक्त हुन नसक्ने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल असार २४ गते रोज ३ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-१०४५, उत्प्रेषण/ परमादेश, *परशुराम दाहाल वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालयसमेत*

वस्तुतः ऐनको दफा २६ अनुसार हुने प्रतिस्पर्धा समान तहका कर्मचारीहरूबीच मात्र

हुन्छ भने खुला प्रतिस्पर्धामा समान तहका कर्माचरीलगायत अन्य गैरकर्मचारीहरूसमेतको प्रतिस्पर्धामा सहभागिता हुन्छ । यसैगरी दुबै प्रतिस्पर्धाको गुणस्तर र स्वरूपमा समेत स्वाभाविकरूपले अन्तर हुने नै हुन्छ । तसर्थ दुबै प्रकारको प्रवेशमा प्रतिस्पर्धा हुने भन्दैमा र बहालवाला कर्मचारीले समान पदको अर्को सेवा समूहमा खुला विज्ञापनमा दरखास्त हाल्दैमा मात्र उम्मेद्वारलाई सेवा परिवर्तन गर्न आएको वर्गमा परिणत गर्न मिल्दैन र सेवा समूह परिवर्तन गर्न दरखास्त हालेको भन्ने अर्थ गर्न पनि मिल्दैन । खुला प्रतिस्पर्धा भनेको खुला नै हो, सेवा परिवर्तनको प्रतिस्पर्धा होइन ऐनको दफा २६ अन्तर्गतको निवेदन र पदपूर्तिका लागि खुलातर्फ भएको विज्ञापन अनुसार दिएको दरखास्तको उद्देश्यमा केही मेल खाँदैमा सो निवेदनलाई पनि दफा २६ अनुसारकै निवेदन भन्न मिल्दैन । सामान्य अवस्थामा कानूनको स्वाभाविक व्याख्यालाई स्वीकार गर्नुपर्दछ । स्वाभाविक र सरल व्याख्या गर्दा गलत वा द्विविधायुक्त अर्थ दिएमा मात्र वैकल्पिक व्याख्याको गुन्जाइस रहन्छ । ऐनको कुनै दफाले प्रदान गरेको सुविधा अर्को दफाले स्पष्टरूपमा बन्देज नलगाएको अवस्थामा त्यस्तो सुविधा अर्को दफाले निष्क्रिय गराएको अर्थ निकाल्नु युक्तिसङ्गत हुँदैन । तसर्थ दफा २६ बाहेक अन्य प्रक्रियाबाट अर्को सेवा समूहमा प्रवेश गरेका कर्मचारिका हकमा बढुवाको उम्मेद्वार हुनका लागि दफा २२ को खण्ड (घ) ले बन्देज गरेको भनी अर्थ्याइनु नहुने । सामान्यतः कुनै सेवा, समूह वा उपसमूहअन्तर्गत प्राप्त गरिने वा हासिल हुने अनुभव नै उक्त सेवा, समूह वा उपसमूहको माथिल्लो पदमा बढुवा हुनको लागि अनिवार्य ठानिन्छ, किनकि अर्को सेवा समूह वा उपसमूहको अनुभव आफू कार्यरत सेवामा प्रयोजनविहीन पनि हुनसक्दछ । यो स्वाभाविक पनि हो । एक सेवा समूहको व्यक्ति अर्को सेवा समूहमा बढुवा नगरिने मान्यता यसै अवधारणामा समेत आधारित नभएको होइन तर यो मान्यता सामान्य प्रक्रियाअन्तर्गत हुने बढुवा पद्धतिमा मात्र लागू हुन्छ । निजामती सेवा ऐन, २०४९ को दफा २४ (घ)१ अनुसार हुने बढुवा प्रक्रिया सामान्य वा नियमित (regular) प्रक्रियाअन्तर्गत हुने बढुवा होइन । दफा २४ (घ)१ को व्यवस्था समयाबद्ध पदोन्नति (Time Bound Promotion) को व्यवस्था हो अर्थात् यो व्यवस्था काम गरेको अवधि गणना गरेर निश्चित समयपछि गरिने बढुवा प्रक्रियासँग सम्बन्धित छ । लामो समयसम्म, एउटै पदमा कार्यरत रहिरहँदा कर्माचारीमा नैराश्यताको भावना उत्पन्न हुन दिनबाट रोक्न यस प्रकारको व्यवस्था गरिएको हुन्छ । यस प्रकारको बढुवा प्रक्रियामा बढुवा हुनको लागि एउटै पदमा उम्मेद्वारले तोकिएको समय व्यतीत गरको छैन भन्ने प्रश्नमात्र महत्त्वपूर्ण ठानिने । प्रस्तुत रिट निवेदनको सन्दर्भमा दफा २४ घ१ मा सेवा प्रवेश गर्दा वा समूहीकृत हुदाँका बखत निर्धारित आवश्यक न्यूनतम् शैक्षिक योग्यताभन्दा माथिल्लो शैक्षिक योग्यता भएको र राजपत्र अनङ्कित प्रथम श्रेणीमा तोकिएको बाह्र वर्ष सेवा अवधि पूरा गरेको कर्मचारीलाई माथिल्लो पदमा बढुवा गरिने उल्लेख भएको तर बढुवा हुने पदअन्तर्गतको सेवा, समूह वा उपसमूहको अन्तर्गतकै सेवा अवधि पूरा गरेको भन्ने सर्त उल्लेख गरेको नदेखिँदा यी निवेदकको हकमा प्रशासन सेवा, राजस्व समूहअन्तर्गतको

सेवा अवधि व्यतीत गरेको हुनुपर्ने भन्ने विद्वान् सरकारी वकिलको बहस जिकिरसँग सहमत हुन नसकिने।

समान तहमा खुला प्रतिस्पर्धाबाट उत्तीर्ण भएको उम्मेद्‌वारलाई निजामती सेवा ऐन, २०४९ को दफा २४ घ१ अनुसार बढुवा गर्न नमिल्ने नै भनी कहीं स्पष्ट उल्लेख भएको छैन। उक्त दफाले बढुवा हुनका लागि तोकेको पूर्वसर्त एवम् मापदण्ड निवेदकले पूरा गरेकै अवस्था देखिन आउने।

अत: माथि विभिन्न प्रकरणमा विवेचना गरिएबमोजिम निवेदकले निजामती सेवा ऐन, २०४९ को दफा २४ घ१ बमोजिम बढुवा हुन पाउने नै देखिएको हुँदा निवेदकको हकमा बढुवा नहुने गरी भएको बढुवा समितिको मिति २०६९।१०।८ को निर्णय र लोक सेवा आयोगको मिति २०६९।१२।८ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। यी निवेदकको हकमा मिति २०६९/१०/८ देखि नै जेष्ठता कायम हुने गरी निर्णय गर्नु भनी विपक्षी लोक सेवा आयोग, केन्द्रीय कार्यालयसमेतका नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल असोज २९ गते रोज ४ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-००४९, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), *पुष्कर के.सी. वि. नेपाल सरकार*

सरकारी निकायबाट जारी गरिने हरेक प्रमाणपत्र सम्बन्धित कार्यालयले अभिलेखीकृत नगरी जारी हुन सक्तैन। अध्यापन अनुमतिपत्र जारी गर्ने भनिएको जिल्ला शिक्षा कार्यालय, चितवन र सोको अभिलेख राख्ने शिक्षकसेवा आयोगसमेतको मिसिल संलग्न प्रमाणीकरणपत्रबाट निजले पेस गरेको स्थायी अध्यापन अनुमतिपत्र त्यस कार्यालयको अभिलेखमा अभिलेखीकृत नभएको भन्ने जवाफ प्राप्त भएको देखिन्छ। त्यसकारण निजले उक्त प्रमाणपत्र परीक्षामा सामेल भई परीक्षा उत्तीर्ण गरी प्राप्त गरेको भनी अदालतमा बयान गर्दा लिएको जिकिर पुष्टि भएको नदेखिने।

प्रतिवादीले अस्थायी शिक्षक पदमा नियुक्ति पाउन नक्कली अध्यापन अनुमतिपत्र बनाई नि.मा.वि. तहको शिक्षक पदमा नियुक्ति लिई निजले आरोपित कसुर गरेको पुष्टि हुन आएको हुँदा पुनरावेदक प्रतिवादीले सो अनुसारको अपराध नगरेको भन्न मिलेन, त्यसकारण विशेष अदालत, काठमाडौंको फैसला कानूनसम्मत नै देखिन आउँदा प्रतिवादी पुष्कर के.सी.ले पेस गरेको अध्यापन अनुमतिपत्र सक्कली नभई नक्कली भएको तथ्य पुष्टि हुन आएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसुर ठहर गरी सोही दफा १६(१) बमोजिम ६ महिना कैद र रू.१०,००० दश हजार जरिवाना हुने ठहर गरेको विशेष अदालत, काठमाडौंको मिति २०६८।१२।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल मङ्सिर ४ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CI-०७०९, निर्णय दर्ता बदर सार्वजनिक हक कायम, *बन्दना सिंह बस्नेत वि. जिल्ला महोत्तरी जलेश्वर नगरपालिकाको कार्यालय, जलेश्वर*

बन्दना सिंहले आफ्नो बाजे विष्णुबहादुर सिंहबाट मिति २०५६।०१।१० मा र.नं.६८०० बाट पारित गराई लिएको बकसपत्र अनुसार त्यसमा उल्लिखित साविक कि.नं. १२०६ को क्षेत्रफल ०-०-१८ र साविक कि.नं. १२०७ को क्षेत्रफल ०-०-६ गरी जम्मा ०-१-४ जग्गा निज बन्दना सिंहले पाएको पाइन्छ । हाल निजको हकभोगमा निजले घर कम्पाउन्डसमेत बनाई घेरबेर गरी रहेका जग्गाहरूलाई हेर्दा न.नं. ५ को निजको ट्वाइलेटसमेत भएको क्षेत्रफल ०-०-८-४$^{१}/_{२}$, नं.नं. को पक्की घर भएको क्षेत्रफल ०-०-४-७$^{१}/_{२}$, न.नं. ७ र ८ समेतको आँगन र उत्तर मुखको ढोकासमेतको क्रमशः क्षेत्रफल ०-०-६-६$^{३}/_{४}$, र ०-०-०-१२$^{१}/_{२}$ भएका जग्गाहरू छन् । यसै गरी न.नं. ९, १० र ११ का पक्कीघर एवम् जग्गाका ०-०-८-२ का जग्गासमेत निजको भोगमा रहेको देखिन्छ । यी जग्गाहरूको जम्मा क्षेत्रफल हेर्दा निजको भोगमा रहेको जग्गा एवम् कम्पाउन्डसमेत लगाएको पक्की घरको जम्मा क्षेत्रफल ०-१-८$^{३}/_{४}$ हुन आउँछ । उक्त जग्गाको क्षेत्रफल नै निजले बकसपत्रबाट पाएको ०-१-४ को जग्गा भन्दा बढी रहेको देखिन्छ । उक्त जग्गाहरू बाहेक पुनरावेदक प्रतिवादीले जिकिर लिएको निजले अस्थायी दर्तासमेत गराएको न.नं. १२ नं. को क्षेत्रफल ०-०-१२-७$^{१}/_{४}$ समेतको विवादित जोड्दा उक्त जग्गाको क्षेत्रफल निजले बकसपत्रबाट पाएको जग्गाभन्दा धेरै बढी अर्थात् ०-२-०-८ हुन जान्छ, जसबाट निजले बकसपत्रबाट पाएको जग्गामा क्षेत्रफलको दृष्टिकोणले अस्वाभाविक वृद्धि हुने कुरामा दुईमत हुन नसक्ने । विवादको न.नं. १२ को जग्गाको चार किल्ला जलेश्वर नगरपालिका वडा नं. ५ स्थित अस्पताल जाने बाटो सो पूर्व, विष्णुबहादुर सिंहको पक्की घरदेखि पश्चिम, मालपोत कार्यालयको कम्पाउन्डदेखि उत्तर, गोरेटो बाटोदेखि दक्षिण रहेको छ । नक्सालाई मध्यनजर राखेर हेर्दा पनि सो जग्गाको पश्चिमतर्फ पक्की सडक रहेको र दक्षिणतर्फ मालपोत कार्यालय रहेको स्पष्ट हुन्छ । यसको अतिरिक्त उक्त जग्गालाई छाडेर मात्र प्रतिवादीले आफ्नो कम्पाउण्ड लगाएकाले अस्थायी दर्तासम्म गराउन सफल भएको विवादित जग्गासमेत प्रतिवादीको हकभोगमा छ भनी भन्न सक्ने अवस्था नदेखिने । पुनरावेदिका प्रतिवादी बन्दना सिंह बस्नेतले बकसपत्र पाएको जग्गाको क्षेत्रफल भन्दा बढी जग्गामा पक्की घर बनाई एवम् कम्पाउन्डवालसमेत लगाई भोग गरी रहेको देखिन्छ र विवादमा रहेको जग्गाको प्रकृति एवम् अवस्थासमेतबाट उक्त जग्गा सार्वजनिक प्रकृतिको देखिएको हुनाले सो जग्गालाई सार्वजनिक ठहऱ्याई पुनरावेदन अदालत, जनकपुरबाट भएको मिति २०६८।०६।०४ को फैसलालाई अन्यथा भन्ने अवस्था छैन । त्यसकारण

उक्त फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः अशोककुमार क्षेत्री

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल मङ्सिर २१ गते रोज १ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-००३९, जबर्जस्ती करणी उद्योग, *नेपाल सरकार वि. दिलिपकुमार यादव*

बिरामी जाँच गर्ने कोठाको चुकुल लगाएको, कोठाभित्र प्रतिवादीले जबर्जस्ती करणी गर्न खोजेकोमा पीडितले चिच्याएकाले बाहिरका मानिसहरूले बन्द गरिएको ढोका ढक्ढकाएको र ढोका खोली प्रतिवादी भागेको भन्ने कथन वादी पक्षले शङ्कारहित तवरबाट वष्तुनिष्ठ प्रमाणद्वारा पुष्टि गराउन सकेको नदेखिँदा प्रतिवादी दिलिपकुमार यादवले पीडितलाई अभियोग मागदावीबमोजिम जबर्जस्ती करणीको उद्योग गरेको तथ्य पुष्टि हुन नआउने । प्रतिवादी दिलिपकुमार यादवले अभियोग दावीबाट सफाइ पाउने ।

इजलास अधिकृतः रमेश रिजाल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७१ साल मङ्सिर २५ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०७०-CI-०८१५, निषेधाज्ञा/परमादेश, *गणेशराज कार्की वि. पदमप्रसाद गौतमसमेत*

जग्गा प्राप्ति ऐन, २०३४ को दफा १८ ले मुआब्जा पाउनेको नामावली र त्यसउपरको उजुरी शीर्षकअन्तर्गत उपदफा १मा दफा ९ बमोजिमको सूचनामा तोकिएको म्यादभित्र प्राप्त निवेदनहरूबाट मुआब्जा पाउने ठहरिएका व्यक्तिहरूको नामावली तयार पारी सरोकारवाला व्यक्तिहरूको जानकारीको लागि स्थानीय अधिकारीले टाँस गर्नेछ भन्ने व्यवस्था गरेको देखिन्छ । त्यसै गरी उपदफा २ मा उपदफा १ बमोजिम टाँस गरिएको नामावलीमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सूचना जारी भएको मितिले १५ दिनभित्र नेपाल सरकार, गृह मन्त्रालयमा उजुर गर्न सक्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ । सो दफाको उपदफा ३ मा उपदफा २ बमोजिम परेका उजुरी तेरो मेरो वा हकभोगसम्बन्धी बाहेक अरू विषयको भए नेपाल सरकार, गृह मन्त्रालयले साधारणतया १५ दिनभित्र किनारा लगाउनुपर्नेछ भन्ने व्यवस्था छ । तेरो मेरो वा हकभोगसम्बन्धी बाहेक "अरू विषयको भए भनेकोमा" अरू विषयमा समेत मूल्याङ्कन गर्न पाउनुपर्ने हो । जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ बमोजिम जग्गा अधिग्रहण गरिएको, ऐ.को दफा १३ को उपदफा (२) को समितिले निर्धारण गरेको मुआब्जा रकमको सम्बन्धमा ऐनको दफा १८ को उपदफा (२) बमोजिम उजुर लाग्ने हुन्छ भन्ने विषयलाई सर्वोच्च अदालतले करम हुसेन खाँसमेत विरूद्ध नेपाल सरकार गृह मन्त्रालयको फैसलामा जग्गा प्राप्ति ऐन, २०३४ मा भएको स्वीकार र यसै मुद्दामा गृह मन्त्रालयले पेस गरेको जवाफमा मुआब्जा निर्धारण समितिको

निर्णयउपर चित्त नबुझेको अवस्थामा ऐ. ऐनको दफा १८ को उपदफा (२) बमोजिमको म्यादभित्र परेकोमा उक्त उजुर विरूद्ध कारवाही हुन सक्ने भनी व्याख्या भएको पाइने ।

कानूनी राज्य, विधिको शासनमा एउटा निकायले गरेको निर्णय त्यस्तो निर्णय कानूनविपरीत भई त्यसमा चित्त नबुझ्ने पक्षले प्राकृतिक न्यायको सिद्धान्तको आधारमा माथिल्लो निकायमा उजुर गरी बदर गराउनसक्ने नै हुन्छ । माथिल्लो निकायमा वा अर्को निकायमा उजुर नै नलाग्ने भन्न मिल्दैन । उजुर नलाग्ने केही अपवाद भए सो अपवादहरू ऐनमा नै उल्लेख गरिएको हुनुपर्छ । ऐनको दफा ३ बमोजिम जग्गा अधिग्रहण गरिएको र दफा १३ को उपदफा (२) को समितिले निर्धारण गरेको मुआब्जा रकमको सम्बन्धमा ऐनको दफा १८ को उपदफा (२) बमोजिम उजुर लाग्ने नै देखिन्छ जुन कुरा सर्वोच्च अदालतको उपरोक्त नजिरसमेतबाट पुष्टि हुन आएबाट मुआब्जा रकम सम्बन्धमा उजुरी गर्ने व्यवस्था जग्गा प्राप्ति ऐनमा नभएको भन्ने पुनरावेदकको दावी पुग्ने नदेखिने ।

सूचना प्रकाशन भएको मितिले १५ दिनभित्रै निवेदकको निवेदन दर्ता भएको देखिन आयो । क्षेत्रीय प्रशासन कार्यालयको मिति २०६९।६।२९ को निर्णयमा पनि निवेदन म्यादभित्रै परेको भनी ठहर गरेको अवस्था देखिएको छ । यस अवस्थामा मिति २०६८।११।६ को राजधानी दैनिकमा मुआब्जा निर्धारण भएको व्यहोराको सूचना प्रकाशित भएको र सोको म्यादभित्रै निवेदन परेको अवस्थामा मिति २०६८।३।७ को नयाँ पत्रिका दैनिकमा प्रकाशित अन्य विषयको सूचनालाई आधार लिई ऐनको दफा १८ का उपदफा (२) मा उल्लेख १५ दिनको म्यादभित्र उजुरी नदिएको भनी लिएको पुनरावेदन जिकिर तथ्यगत देखिन नआउने ।

गृह मन्त्रालय आफैँले निर्णय गर्नुपर्ने, न्यायिक निर्णय गर्ने अधिकार प्रत्यायोजन हुन नसक्ने सो ऐनमा स्थानीय अधिकारीले सूचनाको उपरको उजुरीमा निर्णय गर्ने अधिकार प्रत्यायोजन गर्नसक्ने व्यवस्था नरहेको भन्ने दावीको सम्बन्धमा हेर्दा नेपाल सरकारले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी क्षेत्रीय प्रशासकलाई विभिन्न ऐन तथा नियमावलीहरूको अधिकार प्रत्यायोजन गरेको सूचना २०६० साल असार ३० गतेको नेपाल राजपत्रमा प्रकाशित भएको देखिन आएको र सो राजपत्रमा जग्गा प्राप्ति ऐन, २०३४ को दफा १८ (२) अनुसार सम्बन्धित क्षेत्रभित्रको मुआब्जा सम्बन्धमा विवाद उत्पन्न भएमा सोको उजुर सुन्ने आधिकारिक निकाय गृह मन्त्रालय नै भै सो आधारमा उक्त अधिकार प्रत्यायोजन भएको देखिन्छ । निवेदकले गृह मन्त्रालयमा निवेदन दिएको र कानूनको म्यादभित्र निवेदन परेपश्चात आवश्यक छानबिन गरी कारवाही गर्न क्षेत्रीय प्रशासक, पूर्वाञ्चल विकासक्षेत्रमा लेखी पठाउने भनी मिति २०६९।२।३२ को सचिवस्तरीय निर्णयबाट भएको देखिन्छ । तथापी क्षेत्रीय प्रशासकको मिति २०६९।६।२९ को निर्णयबाट पनि यो निर्णय गर्ने अधिकार क्षेत्रीय प्रशासकलाई प्रत्यायोजित भएको हुँदा अधिकारक्षेत्रभित्र रहेको उजुरी भनी उल्लेख भएको देखिन्छ । अत: गृह मन्त्रालयले क्षेत्रीय प्रशासकलाई निर्णय गर्ने अधिकार प्रत्यायोजन गरेको मन्त्रालयबाट भएको हुँदा त्रुटिपूर्ण तरिकाबाट

मन्त्रालय र क्षेत्रीय प्रशासकबाट निर्णय भएको हो भन्ने पुनरावेदन जिकिर पुग्न नसक्ने ।

आफ्नो तालुक अड्डाबाट कानूनसम्मत भएको निर्णयलाई कार्यान्वयन नगरी सो निर्णयअनुसारको मुआब्जा एवम् क्षतिपूर्ति नदिई बसेकोमा निवेदकले मुआब्जा एवम् क्षतिपूर्ति दिएर मात्र सो जग्गा प्रयोग होस् भनी परमादेश आदेश माग गरी पुनरावेदन अदालतमा गएपछि मात्र पुनरावेदकले अदालतमा आएर आफ्नो तालुक अड्डाबाट कानूनविपरीत निर्णय भएको भनी तालुक निकायलाई विपक्षीसमेत नबनाई जवाफ दिएको र सोहीअनुसार पुनरावेदनमा पनि आएको देखिन्छ । माथिल्लो निकायले कानूनसम्मतरूपमा गरेको निर्णय कायमै रहेको यस अवस्थामा पुनरावेदकको दावी पुग्ने नदेखिने ।

विपक्षीहरूले क्षेत्रीय प्रशासन कार्यालय, पूर्वाञ्चल धनकुटाको निर्णयलाई शिरोपर गरी कार्यान्वयन गर्नुपर्ने आफ्नो दायित्व पालना गरेको नदेखिएको हुँदा सो दायित्व पालना गर्न गराउन परमादेश आदेश जारी हुने भनी पुनरावेदन अदालत, विराटनगरबाट क्षेत्रीय प्रशासन कार्यालय, पूर्वाञ्चल विकासक्षेत्रबाट मिति २०६९।६।२९ गते भएको निर्णय कानूनबमोजिमको निर्णय भएकाले सो निर्णयमा उल्लेख भएको रङ्गेली सडकको दक्षिणतर्फको दूरी सरह उत्तरतर्फको दूरीलाई पनि ५०+२५०+२५० मिटर कायम गरी सो दूरीअनुसार कायम भएको क्षतिपूर्ति दिलाउने निर्णयको कार्यान्वयन नभएको हुँदा सो निर्णयको कार्यान्वयन गर्नु गराउनु र जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ बमोजिम यी निवेदकको हकमा सो निर्णयअनुसारको हुने मुआब्जा दिई मात्र जग्गा प्राप्ति गर्ने व्यवस्था गर्नु गराउनु भनी न्याय प्रशासन ऐन, २०४८ को दफा ८(२) बमोजिम विपक्षीहरूको नाममा परमादेश जारी हुने ठहर्छ भनी पुनरावेदन अदालत, विराटनगरले गरेको आदेश मिलेकै देखिन आएको हुँदा सो आदेशअनुसार नै गर्ने गरी पुनरावेदन अदालत, विराटनगरको आदेश सदर हुने ।

इजलास अधिकृत: खेमकुमारी बस्नेत

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७१ साल पुस २० गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-०४३४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विष्णुदत्त जोशी*

एकपक्षले अर्को पक्षलाई मार्ने गरी पूर्व रिसइबिकासाथ योजना बनाएको र सोहीअनुरूप कार्य गरेकोसमेत देखिँदैन । मार्नुपर्ने मनसायको पूर्णतया अभाव देखिन्छ। पूर्वयोजना र तयारीबमोजिम घटना घटेको पनि होइन । दुई पक्षबीच तत्काल रक्सी मगाउने विषयमा कुरा नमिलेको कारण उठेको द्विपक्षीय विवादले घटना भएको देखिन्छ । पूर्व रिसइबिको अभावमा यी प्रतिवादीलाई आरोपित ज्यानसम्बन्धीको महलको १३(१) नं. को कसुरदार मान्नु कानून र न्यायसङ्गत हुन नसक्ने ।

मृतक र प्रतिवादीबीच पूर्व रिसइबि रहे भएको भन्ने तथा धारिलो हतियारले प्रहार गरेको भन्ने कुरा मिसिल संलग्न कागजप्रमाणबाट देखिँदैन । एकै होटलमा रहँदा एकअर्कामा भनाभन भई रक्सी खाएका सुरमा झगडा भई आवेशमा आई मृतक र प्रतिवादीले एक आपसमा कुटपीट गर्दा वारदात घट्न गएकोले १३(१) नं. आकर्षित हुने अवस्था नदेखिँदा यस अदालतको प्रत्यर्थी झिकाउने

आदेशसँग सहमत हुन नसकिने ।

प्रतिवादीले मृतकलाई बोतलले हानेको कुरा स्वीकार गरेको, घटनास्थल मुचुल्का, लास जाँच मुचुल्का, बरामदी खानतलासी मुचुल्का, शव परीक्षण प्रतिवेदन, बुझिएका तथा वस्तुस्थिति मुचुल्का व्यक्तिहरू, मौकामा तत्काल पुग्ने व्यक्ति लोकेन्द्रबहादुर साउदको भनाई व्यहोरा, आधार प्रमाणहरूबाट मृतकको मृत्युको कारण घाँटीमा गहिरो चोटको कारण रक्तस्राव भई मृत्यु भएको समर्थित भई पुष्टि भएको देखिँदा प्रतिवादी विष्णुदत्त जोशीलाई ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम दस (१०) वर्ष कैद हुने ठहऱ्याई कञ्चनपुर जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०६७।२।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः खेमकुमारी बस्नेत

कम्प्युटर: गङ्गा के.सी.

इति संवत् २०७१ साल पुस २३ गते रोज ४ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री दीपकराज जोशी,** ०६७-CR-११८१, जबर्जस्ती करणी, *बीरबहादुर विश्वकर्मा वि. नेपाल सरकार*

जबर्जस्ती करणीको महलको ३(२) नं. को कसुर जिल्ला अदालतबाट ठहरिएकोमा प्रतिवादीको पुनरावेदन पर्न नसकेको हुँदा अब प्रतिवादीले जबर्जस्ती करणीको ३(२) नं. अनुरूपको कसुर गरेको मान्नुपर्ने देखिन आयो । जबर्जस्ती करणीको ३(२) नं. अनुरूपको कसुरमा ८ देखि १२ वर्षसम्म कैद हुने कुरा सोही नं. बाट स्पष्ट देखिएको छ ।

यी प्रतिवादीलाई जबर्जस्ती करणीको महलको ३(२) नं. बमोजिम कम्तीमा ८ वर्ष कैद गर्नुपर्नेमा ७ वर्ष मात्र कैद गर्ने गरी भएको हदसम्मको सुरू मोरङ जिल्ला अदालतको मिति २०६६।३।१५ को फैसला उल्टी गरी प्रतिवादीलाई ८ वर्ष कैद हुने, हाडनाता करणीतर्फ प्रतिवादीलाई हाडनाता करणीको ५ नं. बमोजिम थप ३ महिना सजाय हुने र पीडिताले प्रतिवादीबाट रू. ५०००।– क्षतिपूर्ति भराई पाउने ।

इजलास अधिकृत/उपसचिवः विदुर काफ्ले

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल कात्तिक १९ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-१२१६, जबर्जस्ती करणी, *दिनेश गुरूङ वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी दिनेश गुरूङको वारदातमा उपस्थितिलागायतका स्वतन्त्र र स्थापित तथ्य तथा प्रमाणहरूबाट अनुसन्धानको सिलसिलामा प्रतिवादीले गरेको साबिती बयान, पीडिताले जबर्जस्ती करणी गरेको भन्ने किटानी पोल सवलरूपमा पुष्टि भइरहेको देखिन्छ । अनुसन्धानको सिलसिलामा पीडिताले गरेको किटानी पोल अन्य स्वतन्त्र प्रमाणहरू र निर्विवाद तथ्यबाट पुष्टि भइरहेको अवस्थामा फगत पीडिताले अदालतमा प्रमाण ऐन, २०३१ को दफा १८ अनुरूप बकपत्र भएन भन्ने आधारमा मात्र अनुसन्धानको

सिलसिलामा भएको कागजलाई बेवास्ता गर्न न्यायोचित हुँदैन । तसर्थ पुनरावेदक प्रतिवादीसमेतले पीडितालाई जबर्जस्ती करणी गरेको देखिन आउने हुँदा यी प्रतिवादीसमेतले पीडितालाई जबर्जस्ती करणी गरेको ठहराई जबर्जस्ती करणीको ३(४) नं. बमोजिम ५ वर्ष कैद, ऐ. ३क नं. बमोजिम थप ५ वर्ष कैद हुने र ऐ.१० नं. बमोजिम यी प्रतिवादीसमेतबाट पीडितालाई रू.२५,०००।– क्षतिपूर्ति भराउने ठहर्‍याएको सुरू सुनसरी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।५।६ को फैसला मिलेकै देखिँदा सदर हुने । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत/उपसचिवः विदुर काफ्ले

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७१ साल कात्तिक १९ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-०२८७, कर्तव्य ज्यान, *अर्जुन पंगेनी वि. नेपाल सरकार*

प्रतिवादीले मौकामा र अदालतमा बयान गर्दा मृतकलाई घनश्याम चौधरीले बन्दुकले गोली हानी मारेको, मृतकलाई आफूले कुटपीट र मार्नको लागि सहयोग हुने कुनै काम नगरेको र घनश्याम चौधरीले हत्या गरेपछि आफूसमेत भई लास फालेको भनी बयान गरेको देखिन्छ । प्रतिवादीले पोल गरेका मुख्य व्यक्ति घनश्याम चौधरीको पहिचान राम्रोसँग निजले खुलाउन सकेको देखिँदैन । सो नाम गरेका व्यक्ति पक्राउ नपर्नु, उसको घर वतन पनि नदेखिनु र त्यस्तो बेपत्ताको हत्यारालाई मद्दत गर्नको लागि यी प्रतिवादीले लास उठाई फाल्न मद्दत गर्नु इत्यादि देखाइएको तथ्यबाट प्रतिवादीको कथन सहज स्वीकार्य हुने स्थिति नदेखिने साथै आफू वारदातमा संलग्न नभएको भए घटनाको यथार्थ विवरण यथाशीघ्र प्रहरी तथा अख्तियारप्राप्त निकायसमक्ष जाहेर गर्नुपर्नेमा यी प्रतिवादीले त्यसो गरेको पनि देखिँदैन । निज प्रतिवादीकै आफ्नै नाबालक छोराले प्रतिवादीले हतियार प्रहार गरेको तथ्य देखाई किटानी पोल गरी कागज गरेको देखिन्छ । यस प्रकार, मृतकको ज्यान कर्तव्यबाट गएको तथ्यमा विवाद छैन । कसको कर्तव्यबाट मृत्यु भएको हो भन्ने तथ्यमा चस्मदीद् गवाह प्रतिवादी आफ्नै नाबालक छोराले प्रतिवादीले हतियार प्रहार गरेको देखेको भनी किटानी पोल गरेको अवस्था छ । प्रतिवादी आफैँले वारदातस्थलमा आफू रहेको र लास फाल्नसम्म मद्दत गरेको भनी सावित रहेको छ । प्रतिवादी अर्जुन पंगेनीलाई अभियोग दावीबमोजिम ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिमको कसुरमा सोही नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहराई सुरू नवलपरासी जिल्ला अदालतले मिति २०६७।२।४ मा गरेको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६७।८।२८ फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः विदुर काफ्ले

कम्प्युटर : सबिना अधिकारी

इति संवत् २०७१ साल कात्तिक १७ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-CR-०६९४, ०६७-

CR-०८५४, लागु औषध चरेस, *मुन्ना अन्सारीसमेत वि. नेपाल सरकार, दुर्गाराम रेग्मी वि. नेपाल सरकार*

प्रतिवादीहरू मुन्ना अन्सारी र इलियास हलवाईले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) को कसुरमा दफा १७ बमोजिम उद्योगसम्म गरेको स्थापित हुन आएको देखिँदा दफा ४(क) को कसुरमा दफा १७ बमोजिम उद्योग ठहर्‍याई दफा १४(१)(घ)(४) बमोजिमको आधा सजाय अर्थात ६ महिना कैद र रू.२,५००।- जरिवाना हुने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगन्जको फैसला मिलेकै दखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरू इलियास हलवाई र मुन्ना अन्सारीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

प्रतिवादीको साथबाट अभियोग दावीबमोजिमको लागु औषध बरामद हुनु र अन्य प्रतिवादीहरू इलियास हलवाई र मुन्ना अन्सारी लागु औषध खरिद गर्न निजसँग भएको तथ्य देखिनु र बिक्री गर्न लाग्दा पक्राउ परी बरामद भएको अवस्था देखिनुसमेतको स्थितिबाट लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) को कसुरमा दफा १४(१)(घ)(४) बमोजिम १ वर्ष कैद र रू.५,०००।- जरिवाना गर्ने ठहराएको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिँदा सदर हुने।

पुनरावेदक प्रतिवादी दुर्गाराम रेग्मीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) को कसुरमा दफा १४(१)(घ)(४) बमोजिम १ वर्ष कैद र रू.५,०००।- जरिवाना हुने । प्रतिवादी मुन्ना अन्सारी र इलियास हलवाईबाट बरामद भएको रकम रू.३२२५७।- मध्येबाट बरामद भएको चरेसको मूल्य बराबरको रकम रू. १०८००।- जफत हुने गरी सुरू बाँके जिल्ला अदालतले गरेको फैसला नमिलेको हुँदा केही उल्टी हुने । प्रतिवादी कुलबहादुर राउतलाई १ वर्ष कैद र रू.५०००।- जरिवाना हुने सुरू बाँके जिल्ला अदालतको फैसला बदर गरी निजलाई अभियोग दावीबाट सफाइ दिने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगन्जको फैसला मिलेकै देखिने।

इजलास अधिकृत: विदुर काफ्ले

कम्प्युटर: सविना अधिकारी

इति संवत् २०७१ साल असोज २६ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६४-CI-१०२९, लिलाम दा.खा. दर्ता बदर हक कायम, *श्यामसुन्दर खेतान वि. विजया शर्मा*

मिति २०५९।७।१५ को लिलामी मुचुल्काबमोजिम प्रतिवादी स्वयम्ले विवादित जग्गा लिलाम सकार गरी चलनपुर्जीसमेत जारी भएको देखिन्छ । यसरी कर्जा लिनेदेखि सो कर्जा असुलीका सन्दर्भमा अदालतमा मुद्दा परी सो फैसला अन्तिम भई कार्यान्वयनको सिलसिलामा कर्जा लिने बाहेकका अन्य व्यक्तिका नाममा रहेको जग्गाको पञ्चको मूल्याङ्कन, लिलामी मुचुल्कासमेतका कारवाहीहरू भएको र ती कारवाहीहरूमा दर्तावाल वादी विजया शर्माको संलग्नता रहे भएको मिसिलबाट देखिन आएन । चितवन, भरतपुर न.पा. वडा नं. ९ मा बस्ने दर्तावाला विजया शर्मालाई आफ्नो नाममा दर्ता रहेको विवादित जग्गा लिलाम हुँदैछ भन्ने

कुराको थाहा जानकारी नै नदिई कुनै किसिमको सुनुवाइको मौकासमेत नदिई लिलाम दा.खा. दर्ता गर्नेसम्मको काम कारवाही सम्पन्न भइसकेको पनि पाइयो । विवादित जग्गा लिलामसम्बन्धी प्रक्रियामा पुग्नुअघि प्रत्यर्थी वादीलाई नबुझी प्राकृतिक न्यायको सिद्धान्तसमेतको गम्भीर उल्लङ्घन हुने गरी भएको लिलाम दा.खा. दर्तालाई मान्यता दिएको सुरू बाँके जिल्ला अदालतको फैसला उल्टी गरेको पुनरावेदन अदालत, नेपालगन्जको फैसला अन्यथा देखिन नआउने ।

वादीले मिति २०५१।१०।१७ मा खरिद गरी लिएको घरवास मिनाहाको घर जग्गा निजको लोग्नेको हक भोगको भनी उक्त लिखतले सिर्जना गरेको जग्गाको स्वामित्वको हकलाई प्रतिकूल असर पार्दै प्रतिवादीले दिएको दरखास्तअनुसार वादीलाई निजले राजीनामा गराएर लिएको जग्गा निजलाई नबुझी प्राकृतिक न्यायको सिद्धान्तविपरीत लिलाम भई प्रतिवादीले गरेको लिलाम सकार तथा निजको नामको दर्ता बदर गर्नुपर्नेमा वादीको दावी नपुग्ने भनी सुरू बाँके जिल्ला अदालतबाट मिति २०६२।११।३ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई सो जग्गा वादीका नाममा कायम भई निजले चलन चलाई लिन पाउने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०६४।९।१० मा भएको फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृतः लोकनाथ पराजुली

इति संवत् २०७१ साल कात्तिक ३ गते रोज २ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०११४, उत्प्रेषण/परमादेश, *सुनिता अग्रवालसमेत वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत*

फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरेको काठमाडौं जिल्ला अदालतको आदेश पुनरावेदन अदालतबाट बदर गराउन मिल्ने हो होइन भन्ने नै प्रस्तुत विवादको मुख्य चुरो रहेको देखिन्छ । मुलुकी ऐन, अ.बं.१७ नं. को व्यवस्थालाई हेर्दा उक्त व्यवस्था सारवान् व्यवस्था नभई कार्यविधिगत व्यवस्था हो । कार्यविधिगत व्यवस्थाले तल्लो तहबाट भएको आदेशका सन्दर्भमा सारवान् विषयवस्तुलाई तलमाथि हुने गरी आदेश जारी गर्न मिल्दैन । अंश मुद्दाको सन्दर्भमा मानो छुट्टिएको मिति निर्धारण गर्ने विषय कार्यविधिगत विषय नभई सारवान् विषय हो भन्ने प्रष्टरूपमा देख्न सकिन्छ । मानो छुट्टिएको मितिको निर्धारणबाट अंशियारहरूबीचमा कतिपय सम्पत्तिमा अंश लाग्ने र कतिपय सम्पत्तिमा अंशबन्डा नलाग्ने, हुनसक्तछ । यस्तो सारवान् प्रकृतिको विषयमा माथिल्लो तहको अदालतले आदेश गर्दा कानूनको स्पष्ट उल्लङ्घन भएको अवस्थामा मात्र आदेश दिन सक्ने हो । अ.बं. १७ नं. को व्यवस्थाले कार्य विधिगत त्रुटि भएको अवस्थामा उक्त त्रुटि सच्याउन आदेश दिन सक्तछ । न्यायिक मन प्रयोग गरिएको

सारवान् प्रकृतिको आदेशमा पुनरावेदनको रोहबाट माथिल्लो तहको अदालतबाट Correction हुनसक्ने नै भएबाट केवल कार्यविधिगत त्रुटि सच्याउने प्रयोजनका लगि व्यवस्था भएको मुलुकी ऐन, अ.बं. १७ नं. को व्यवस्थालाई सोहीरूपमा लिनु र बुझ्नुपर्ने ।

जिल्ला अदालतलाई पक्ष विपक्षका बीच मुख नमिलेको विषयमा मुद्दाको रोहमा जुनसुकै अवस्थामा पनि प्रमाणको विवेचना गरी प्रमाणबाट आएको तथ्यमा सो विश्लेषण गरी मुद्दा हेर्ने छिन्ने अधिकार रहिरहेकोमा मुद्दाका पक्षबीच मानो छुट्टिएको सन्दर्भमा यस अदालतबाट *नेकाप* २०७०, भाग ५५, अङ्क ९, नि.नं. ९०५३ को मुद्दामा प्रतिपादित कानूनी सिद्धान्तविपरीत मानो छुट्टिएको विषयमा प्रमाण मूल्याङ्कनको लागि तल्लो अदालतमा पठाउने आदेश गर्दा कुन र कस्तो प्रमाणको मूल्याङ्कन गर्न पठाएको हो सोसमेत प्रष्ट नभई गरेको मिति २०७१।४।२३ को आदेशलाई कानूनसम्मत मान्न नमिल्दा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

सुरू काठमाडौं जिल्ला अदालतबाट प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने अवस्था रहेकाले सुरू काठमाडौं जिल्ला अदालतमा चली रहेको अंश मुद्दामा मिति २०७१।२।२२ मा गरेको आदेशानुसार नै जे जो प्रमाण बुझ्नुपर्छ बुझी कारबाहीको प्रक्रिया अघि बढाउने कार्य गर्नु भनी पुनरावेदन अदालत, पाटनको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: सञ्जय घिमिरे

इति संवत् २०७१ साल कात्तिक ११ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CI-००७७, ००७६, फैसला मोही प्रमाणपत्र बदर, *सामर्थप्रसाद सिंह वि. मदनप्रसाद सिंहसमेत*

दावीको जग्गामा स्वामित्व नभएका नरहेका अनधिकृत व्यक्तिबाट भएको कबुलियतनामा र कुत बुझी प्रदान गरेको भरपाईको आधारमा मोही कायम गरी मोही प्रमाणपत्र प्रदान गर्ने गरेको भूमिसुधार कार्यालय, सप्तरीको निर्णयलाई कानूनबमोजिमको निर्णय भन्न मिल्ने देखिएन । यस्तै सन्दर्भमा "विवादित जग्गाको स्वामित्व परिवर्तन भैसकेपछि मात्र कबुलियतको आधारमा मोही हक कायम गराउन कारवाही चलाएको विवादित जग्गाको कबुलियतसमेतका प्रमाण शङ्कास्पद देखिने । शङ्कास्पद कागजलाई प्रमाण लगाई मोही कायम गर्न नमिल्ने" भनी सिताराम विरूद्ध रामलालको मुद्दामा (सर्वोच्च अदालत बुलेटिन वर्ष ५, अङ्क २४, पृष्ठ ७०) र "सबुत प्रमाणको आधार नै नदेखाई, बुँदा नै उल्लेख नगरी न्यायिक फैसला गरी ऐन कानूनको प्रत्यक्ष भूल तथा त्रुटि गरेको मान्नुपर्ने" भनी रामचरण साहु तेलीसमेत विरूद्ध भूमिसुधार कार्यालय, सप्तरीसमेत भएको उत्प्रेषण मुद्दामा (*नेकाप* २०२९, पृष्ठ २९९) सिद्धान्तसमेत प्रतिपादन भैरहेको देखिन्छ । यसरी कि.नं. ३५ र ३७ का जग्गाहरू कुत बुझी भरपाई दिने व्यक्तिहरूको नाममा कानूनबमोजिम प्राप्त भई कुत बुझिलिई भरपाई दिएको अवस्था नरहेकाले अनधिकृत व्यक्तिले कुत बुझी भरपाई दिएको आधारमा मोही कायम गरी प्रमाणपत्र दिने भनी मिति २०५९।९।५ मा भएको

निर्णयलाई कायम राखी भएको भूमिसुधार कार्यालय, सप्तरीको मिति २०६१।१०।२८ को फैसला सदर कायम गर्ने गरी भएको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।३।१४ को फैसला मिलेको नदेखिँदा उल्टी भै दावीको जग्गामा प्रत्यर्थीहरूको मोही हक कायम हुन नसक्ने भै निजहरूको नाममा तयार भएको मोही प्रमाणपत्रहरू बदर हुने।

इजलास अधिकृत: उमानाथ गौतम

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल भदौ १३ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०७१-WH-००३३, बन्दीप्रत्यक्षीकरण, *सुरज थापा मगरको हकमा अधिवक्ता बाबुराजा शाक्य वि. कारागार कार्यालय, नख्खु, ललितपुरसमेत*

मुलुकी ऐन, दण्ड सजायको महलको १० र ४१ नं. को उपरोक्त कानूनी व्यवस्थाबमोजिम धेरै कलमको कैद ठेक्नुपर्दा जुन कलमको कैद सबैभन्दा ठूलो छ सो हद ननाघ्ने गरी कैद ठेक्नुपर्ने हुन्छ । जरिवाना नतिरेबापत हुने कैदलाई कैदको नै सजाय भए जस्तो अर्थ गरी ठूलो कैद सजायभित्र जरिवानाबापतको कैदसमेत स्वतः भुक्तान भएको भन्नव मिल्दैन । कैद र जरिवानाको सजाय भएको व्यक्तिले कैदको सजाय भुक्तान गरिसकेपछि पनि जरिवाना तिर्दैन भने दण्ड सजायको ३८(१) नं. को कानूनी व्यवस्थाको परिधिभित्र रही जरिवानाबापत कैद बस्नैपर्ने।

निवेदक सुरज थापा मगरलाई डाँका मुद्दामा काठमाडौं जिल्ला अदालतबाट लागेको ६ वर्ष कैद मिति २०७१।३।२८ मा भुक्तान भइसकेको र निजलाई लागेको जरिवानाबापतको कानूनले बुझाउनुपर्ने रकम बुझाएमा थुनामुक्त हुने नै हुँदा जरिवानाको कलम बाहेक ठेकिएको कैदबापत कैदमा रहनुपर्ने स्थिति देखिएन । जहाँसम्म जरिवानाबापतको चार वर्ष कैद भुक्तान भइसकेको भन्ने बहस जिकिरको सन्दर्भमा हेर्दा जरिवाना र कैदबापत दुबै कलममा निजलाई कैद ठेकिँदा हुनसक्ने कैदको गणना गर्दा यी निवेदकले जरिवाना नतिरेबापत कैद भुक्तान गर्नुपर्ने अवधि बाँकी नै रहन गएको देखिँदा अब निवेदकले जरिवाना नगदै भुक्तानी गरेमा मात्र कैदबाट मुक्त हुनसक्ने देखिएकाले जरिवानातर्फको जरिवाना दाखिल गर्ने वा सोबापत कैदमा बस्ने हो निजको इच्छामा निर्भर रहने देखिएकाले निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनुपर्ने अवस्था नदेखिने।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल कात्तिक १९ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६९-CI-००३५, निषेधाज्ञा, *विनिता भन्ने विणा शर्मा वाग्लेसमेत वि. रङ्गनाथ मैनाली*

यी प्रत्यर्थी र घर धनी मन्जु शर्माबीच भएको कबुलियतनामाको लिखत झुट्ठा हो, निवेदकले मासिक रू. १५,०००।– हजार बहाल बुझाउने सर्तमा बस्न दिएको हो भनी लिखित जवाफमा यी पुनरावेदकले जिकिर लिए पनि

प्रमाणबाट त्यसलाई अन्यथा भन्न नसकेको अवस्थामा त्यस्तो लिखतको आधिकारिकता र कानूनी हैसियतलाई अन्यथा गर्न मिल्ने अवस्था नहुनुको साथै प्रत्यर्थी निवेदकले घरधनी प्रति पूरा गर्नुपर्ने कर्तव्य पूरा नगरेको भनी यी पुनरावेदकले भन्नय नसकेको र निजलाई घरबाट उठाउन ३५ दिनअगावै सूचना दिनुपर्नेलगायतका कार्यविधि पूरा गरेको नदेखिएको यस अवस्थामा यी प्रत्यर्थी निवेदक र घरधनी मन्जु शर्माबीच भएको कबुलियतनामाको लिखत र सो लिखतमा लेखिएको मिति २०६८।४।२९ देखि ५ वर्ष अर्थात् २०७३।४।२८ सम्म दावीको घरमा बस्न पाउने करारबाट सिर्जित अधिकार प्रत्यर्थीको रहेकै मान्नुपर्ने हुन्छ । यसरी कबुलियत गरी भाडामा लिएको घरमा कबुलियतको अवधिसम्म निवेदक प्रत्यर्थीलाई बस्न दिन उपयुक्त देखी कबुलियतको अवधिसम्म निजलाई घरबाट ननिकाल्नु कुनै हस्तक्षेप नगर्नु भनी यी पुनरावेदकहरूका नाममा जारी भएको मिति २०६९।२।१७ को पुनरावेदन अदालत, पाटनको आदेश यस अदालतबाट "घर पसलबाट बसिरहेका मानिसलाई कुनै व्यहोराले उठाउनुपर्ने भए ३५ दिनअगावै घर पसल छाडी खाली गरिदिनु भनी जनाउ दिई मात्र उठाउनु पर्छ" भनी शारदामान वैद्य विरूद्ध सानुकाजी श्रेष्ठ भएको घरबाट उठाई पाउँ भन्ने मुद्दा (*नेकाप* २०४४, अङ्क ३, पृष्ठ ३९२) र दलबहादुर कार्की विरूद्ध दिलिपकुमार कार्की भएको घरबाट उठाई निष्काशन गरिपाउँ भन्ने मुद्दामा (*नेकाप* २०४४, अङ्क ४, पृष्ठ ४४९) प्रतिपादित सिद्धान्तसमेतको परिप्रेक्ष्यमा मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: उमानाथ गौतम

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल भदौ ९ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CI-०१९७, ०३४४, लेनदेन, *माइली खड्का वि. विष्णु केशरी श्रेष्ठ, विष्णु केशरी श्रेष्ठ वि. माइली खड्का*

पुनरावेदक विष्णु केशरी श्रेष्ठले सगोलमा रहँदा बिक्री गरेको जग्गा यी सगोलकी बुहारी इन्दिरा श्रेष्ठसमेतको अंश लिखत बदर मुद्दा दायर भई सर्वोच्च अदालतबाट निज पुनरावेदक विष्णु केशरी श्रेष्ठले पुनरावेदक माइली खड्कालाई बिक्री गरेको जग्गामा इन्दिरादेवीसमेतका अंशियारको अंश हकजतिमा १० भागको ४ भाग लिखत बदर भई सर्वोच्च अदालतबाट मिति २०६५।१०।२२ मा फैसला भएपश्चात पुनरावेदक माइली खड्काले पुनरावेदक विष्णुकेशरी श्रेष्ठउपर लेनदेन मुद्दा दायर गरेको अवस्थामा उक्त लिखत बदर मुद्दामा वादी इन्दिरा श्रेष्ठसमेतका व्यक्तिको उक्त ऋणको दायित्व व्यहोर्नु पर्ने नपर्ने विषयमा निजहरूलाई समेत झिकाई बुझी निर्णय गर्नुपर्नेमा सो नगरी भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६८।२।३१ र पुनरावेदन अदालत, पाटनको मिति २०६९।१।४ को फैसलामा अंश बन्डाको महलको १८ नं. तथा लेनदेन व्यवहारको ८ नं. समेतको त्रुटि देखिएकाले उक्त दुबै फैसलाहरू बदर गरिदिएको छ । अब निज इन्दिरा श्रेष्ठसमेतलाई अ.बं. १३९ नं. बमोजिम झिकाई अन्य

प्रमाणहरूसमेत जो जे बुझ्नुपर्छ बुझी फैसला गर्नु भनी सुरू मिसिल काठमाडौं जिल्ला अदालतमा पठाई दिने ठहर्नाले पुनरावेदक वादी तथा प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल कात्तिक १३ गते रोज ५ शुभम् ।

**इजलास नं. ६**

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ओमप्रकाश मिश्र,** २०६६-CI-०९५१, *हक कायम नामसारी, रमेश साही वि. रूपा खड्गी*

मुलुकी ऐन, अपुतालीको महलको ११ नं. मा मिति २०६३।७।१७ मा संशोधन हुनुपूर्व निजहरूकी आमा चीनिमायाको मिति २०६३।६।१४ मा देहावसान हुँदासम्मको अवस्थामा विद्यमान ऐनको व्यवस्थालाई हेर्दा, "अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपुताली पर्दा मर्नेको स्याहार सम्भार नजिकको हकवालाले नगरी अन्य व्यक्तिले गरेको रहेछ भने त्यस्तो व्यक्तिको अपुतालीको चलमा सबै र अचलमा आधासम्म स्याहार सम्भार गर्नेले र बाँकी आधा ऐनबमोजिम हकवालाले पाउँछ" भन्ने व्यवस्था रहेको देखिँदा सो व्यवस्था प्रस्तुत मुद्दाको हकमा पनि आकर्षित हुन सक्ने हुँदा स्व. आमा चीनिमायाको नाममा रहेको सम्पत्तिमध्ये अचलमा आधासम्ममा हकवाला निवेदक/वादी रमेश साहीको हक कायम हुने र बाँकी आधा सम्पत्तिमा प्रतिवादी तथा (मृतककी छोरी) रूपा खड्गीको नाउँमा हक कायम भई नामसारी हुने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर कायम गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६६।५।२९ मा भएको फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृतः बसन्तजङ्ग थापा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल जेठ १८ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६६-CI-०९५२, *रमेश शाही वि. रूपा खड्गी* भएको अपुताली हक कायम मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** २०६७-CI-१४०७, क्षतिपूर्ति, *मुकुन्द शर्मा वि. जुद्धबहादुर खड्कासमेत*

पुनरावेदन अदालतको मिति २०६७।३।४ को आदेशानुसार स्थानीय स्तरका भद्रभलाद्मीहरू सम्मिलित सरजमिन मुचुल्काका मानिसहरूले स्थानीय स्तरमा लाग्न सक्ने लागत सम्बन्धमा दुई लाख रूपैयाँसम्म आँकलन गरेको देखिए तापनि सो सर्जमिन गरिदिने व्यक्तिहरूमध्ये भिमसेनकुमार श्रेष्ठले रू.५०,०००।– लागत लाग्नसक्ने भनी सबैभन्दा कम आँकलन गरेको लागत स्टिमेटलाई नै पुनरावेदन अदालत, बागलुङले फैसला गर्दा न्यायोचित र मनासिब ठहर्‍याएकोलाई अन्यथा मान्नुपर्ने अवस्था देखिन नआउने ।

इजलास अधिकृतः बसन्तजङ्ग थापा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल जेठ २२ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CI-०२८७, निषेधाज्ञा/परमादेश, *वमप्रसाद मास्के वि. नेपाल बङ्गलादेश बैंक लिमिटेड केन्द्रीय कार्यालय, बिजुलीबजार, काठमाडौंसमेत*

आफूले लगानी गरेको ऋण भाखाभित्र असुल हुन नसकेपश्चात विपक्षी बैङ्कले असुलउपरको कारवाही चलाएको र सोही क्रममा रीतपूर्वकको लिलाम बढाबढको सूचना प्रकाशित गर्दा पनि कसैबाट सकार गर्न नआएपश्चात बैङ्क आफैँले सकार गरी लिएको देखिँदा सोउपर यी निवेदकसमेतले विपक्षी बैङ्क विरूद्ध ललितपुर जिल्ला अदालतमा लिलाम बदर मुद्दा दायर गरेकोमा लिलाम बदर नहुने ठहर्‍याएको फैसला पुनरावेदन अदालत, पाटनबाट मिति २०६६।८।१८ मा सदर भएको अवस्था देखिने र यसबाट बैङ्कले लगानी गरेको रकम सर्तबमोजिम असुल हुन नसकेपछि लिलामी प्रक्रियाबमोजिम सुरक्षणबापत रहेको घर जग्गा बैङ्कको नाममा कायम भइसकेपश्चात बैङ्क र निवेदक पक्षबीच भएका उक्त आर्थिक काम कारोबारको अतिरिक्त सो आर्थिक कारोबारबाट सिर्जित लिलाम बदर मुद्दासमेतको अन्त्य भैसकेको अवस्था देखिने।

बैङ्कले निर्धारित कानूनी प्रक्रिया (Due Process of Law) बमोजिम आफ्नो लेना रकम असुलउपर गरिसकेको अवस्थामा सुरक्षणबापत रहेको सम्पत्ति बैङ्ककै नाममा रही अन्य तेस्रो व्यक्तिको नाममा गइनसकेको भन्ने आधारमा मात्र रिट निवेदन मागबमोजिम बैङ्कले निखनाई दिनुपर्ने गरी रिट जारी गर्न मिल्ने अवस्था नदेखिँदा पुनरावेदन अदालत, पाटनले सुरू रिट निवेदन खारेज हुने ठहर्‍याई मिति २०६७।८।१५ मा गरेको आदेश मुनासिब देखिदा सदर हुने ठहर्छ । बैङ्कले आफ्नो लेना रकम लिई धितो फुकुवा गराइ पाउँ भन्ने निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: बसन्तजङ्ग थापा

इति संवत् २०७१ साल जेठ २२ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** २०६८-CR-०१०५, विदेशी विनिमय, *नेपाल सकार वि. सानु मुखिया*

प्रतिवादीहरूले गरिदिएको कुनै बयान व्यहोराबाट पनि प्रतिवादी सानु मुखियासमेतले सो रकम सटही गरी नाफा खाने उद्देश्यले बोकी हिंडेको कहीं कतै उल्लेख गर्न सकेको देखिँदैन, जसले गर्दा विदेशी मुद्रा कुवेती दिनार सटही गरेबापतको फाइदा निज प्रतिवादी सानु मुखियासमेतले पाउने हो भनी जानीजानी सटही गर्न हिंडेको भन्ने तथ्य स्थापित हुनसकेको नदेखिने।

विपक्षी प्रतिवादी सानु मुखियाको साथबाट अवैध विदेशी मुद्रा कुवेती दिनार बरामद पनि नभएको र सो विदेशी मुद्रामा निजले पनि हक हिस्सा खान पाउने हो भन्ने तथ्य स्थापित हुनसकेको नहुँदा विपक्षी सानु मुखियाको हकमा अभियोग दावी शङ्कारहित तवरले पुष्टि हुन सकेको अवस्था नदेखिँदा निजले अभियोग दावी कसुरबाट सफाइ पाउने देखिँदा प्रतिवादी सानु मुखियाको हकमा अभियोग दावीबाट सफाइ दिने ठहर्‍याएको सुरू फैसलालाई सदर कायम गरी पुनरावेदन अदालत,

पाटनबाट मिति २०६७।१।२० मा भएको फैसला मनासिब हुँदा सदर हुने ।

इजलास अधिकृतः बसन्तजङ्ग थापा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत २०७१ साल जेठ २२ गते रोज ५ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६६-CI-०४९७, ०६९-CI-१२६४, हक कायम दर्ता, *लोकरत्न तुलाधर वि. मु.स.गर्ने बालहरि रावल समेत,* मु.स. गर्ने *अम्बिका श्रेष्ठ वि. लोकरत्न तुलाधर*

जग्गाको स्वामित्व यकिन गर्नलाई मौकामा भएको नापजाँच अन्यथा प्रमाणित नभएसम्म अकाट्य प्रमाणको रूपमा रहन्छ । जग्गाको सम्बन्धमा सो जग्गा कमाउने मोहीको कथनको ठूलो भूमिका हुन्छ । मोहीको कथनसहितको फिल्डबुक व्यहोरालाई अन्यथा प्रमाणित गर्ने काम सो जिकिर लिनेउपर नै रहने । वादी लोकरत्न र प्रतिवादी द्वारिकालालले विवादित जग्गा निजहरूको भएको भन्ने आफ्नो जिकिरलाई प्रमाणित गर्न नसकेको र निजहरूबाहेक अरू व्यक्तिले विवादित जग्गामा विवाद खडा गर्न नसकेको अवस्थामा विवादित जग्गाका सम्बन्धमा थप कुराहरू हेरिरहनुपर्ने कारण रहँदैन । प्रतिवादी द्वारिका लालको प्रमाण हेर्दा यो जग्गा बुद्धिलक्ष्मी सिकर्मीबाट निजको हकदारले २००५ सालमा २००४।४।१२ को मुचुल्काबमोजिम मत्यो सिकर्मीको नाममा कायम भएको यट्खा पोता नं.१८२/१६२ बमोजिम १४।।। मध्येबाट भिड्ने बिर्ता जग्गा हो भनी उल्लेख गर्नुभएको, सो लगत छैन भनी मालपोतले कुनै कुरा भन्न नसकी सोधपुछ नै नभएको हा.नं १८४।१६२ को लगत भिड्दैन भन्ने जवाफ दिएको देखिन्छ । यस स्थितिमा जग्गासँग सरोकार रहेका बिर्तावालले दावी गर्न नआएका र दावी लिने जग्गावालाहरूको लगत विवादित जग्गासँग असम्बन्धित देखिएको समेतका आधार प्रमाणहरूले गर्दा यस अदालतबाट मुद्दा दोहोर्‍याई हेर्नका लागि प्रदान भएको निस्सासँग सहमत हुन नसकिने ।

दावीको कि.नं.१२ को जग्गा हक कायम गरिपाउँ भन्ने वादी दावी पुग्न नसक्ने ठहर्‍याएको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६४।१०।२७ फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । वादी तथा प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल मङ्सिर १७ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६६-CI-०४९८, ०६९-CI-१२६३, हक कायम दर्ता, *गुह्येधर तुलाधर वि. मु.स. गर्ने बालहरि रावलसमेत, मु.स.गर्ने अम्बिका श्रेष्ठ वि. गुह्येधर तुलाधर*
- ०६६-CI-०४९६, ०४९९, ०६९-CI-१२६६, हक कायम दर्ता, *लोकरत्न तुलाधर वि. मु.स.गर्ने बालहरि रावलसमेत, गुह्येधर तुलाधर वि. मु.स.गर्ने बालहरि रावलसमेत, मु.स. गर्ने अम्बिका श्रेष्ठ वि. लोकरत्न तुलाधर*

- ०६६-CI-०७७७, निर्णय दर्ता बदर, *मु.स.गर्ने समन्तधर तुलाधर वि. मु.स. गर्ने बालहरि रावल*
- ०६९-CI-१२६५, हककायम दर्ता, *मु.स.गर्ने अम्बिका श्रेष्ठ वि. मु.स.गर्ने बालहरि रावलसमेत*

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CI-०३१९, परमादेश, *महानन्दप्रसाद उपाध्याय उच्च माध्यमिक विद्यालय, पर्सासमेत वि. अरविन्दकुमार लाल*

एक पटक निवेदकलाई प्रदान गरेको अङ्क नमिलेको भन्नलाई कानूनले अधिकारक्षेत्र दिएको हुनुपर्ने र बदर गर्ने कार्य पनि कानूनबमोजिम नै हुनुपर्ने हुन्छ । सो नगरी जसलाई जहाँ जहिले जे गर्न मन लाग्यो सो गर्दै जाने हो भने सबै कुरा अनिश्चित हुनजान्छ जसको परिणाम भयावह हुन्छ । व्यक्तिगत सोचाइ र रोजाइमा आधारित न्याय होइन पद्धति र प्रक्रियामा आधारित न्याय वाञ्छनीय हुन्छ । प्रत्यर्थी निवेदक अरविन्दकुमार लालले सतीशचन्द्र भन्दा बढी अङ्क पाएकोमा त्यसबाट असर पर्ने सतीशचन्द्रको उजुरी पर्‍यो परेन, उजुरीमा के निर्णय भयो सो निर्णयउपर पुनरावेदनको उपचार भए नभएको ती कुनै कुरा स्पष्ट हुनसकेको छैन । यहाँसम्म कि विपक्षी बनाइएका जिल्ला शिक्षा कार्यालयले लिखित जवाफसमेत दिन आवश्यक ठानेको पाइँदैन । यस अवस्थामा प्रत्यर्थी निवेदक अरविन्दकुमारले पाएको ८१ अङ्क गैरकानूनी र बेरीतको भएको भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । अतः महानन्दप्रसाद उपाध्याय उच्च माध्यमिक विद्यालयको प्रधानाध्यापक पदमा नियुक्त गर्ने विषयमा अविलम्ब आवश्यक कारवाही गर्नु भनी विपक्षी शिक्षा कार्यालय, पर्सासमेतका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०७१ साल मङ्सिर १५ गते रोज २ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-WO-०४०६, उत्प्रेषण/परमादेश, *कुलप्रसाद उपाध्याय वि. विद्यालय शिक्षक किताबखाना छाउनी, ताहाचल, काठमाडौं*

आफ्नो हक अधिकारप्रति नागरिक स्वयम् सचेत रही अधिकार प्रचलनमा जागरूक हुनुपर्ने नागरिकको पनि दायित्व भएकाले निवेदक शिक्षक जस्तो माध्यमिक विद्यालय द्वितीय तहको व्यक्ति हुँदा निजलाई कम अवधिको निवृत्तिभरण दिएको भए समयमा नै न्याय खोज्न जानुपर्ने थियो, तर त्यसो नगरी निवृत्तिभरण अधिकारपत्र बुझेर बसेको देखिन्छ । यसरी आफ्नो हक अधिकारप्रति उदासीन र दायित्वविमुख रही समयमा नोकरी अवधि जोडाउन नसकेको, निवृत्तिभरण अधिकारपत्र बुझेर बसेको र सिटरोल पनि पेस गर्न नसकेको अवस्थामा आफ्नो निवृत्तिभरण अधिकारपत्रअनुसार सेवा अवधि ३८ वर्ष ८ महिना २८ दिन हुनेबारेमा जानकारी पाइसकेपछि, पछि मिलेन, सेवा अवधि ४० वर्ष २ महिना ६ दिन हुनपर्ने भन्न निज विवन्धित

भएको हुँदा निवेदकले निवेदनसाथ पेस गरेको निवृत्तिभरण अधिकारपत्रको क्रम सङ्ख्या २०१३९६६ को छाँयाप्रतिबाट निजको सेवा अवधि ३८ वर्ष ८ महिना २८ दिन रहेको कुरा स्वीकार गरी मिति २०७१।२।८ मा निवृत्तिभरण अधिकारपत्र बुझी सेवा अवधि स्वीकार गरिसकेको अवस्थामा, अब आएर मेरो सेवा अवधि ४० वर्ष २ महिना ६ दिन रहेको भन्ने निवेदकको कथन प्रमाण ऐन, २०३१ को दफा ३४ बमोजिम विवन्धितसमेत देखिँदा विपक्षीबाट लिखित जवाफसमेत मगाई रहनुपर्ने नभई प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः गीता श्रेष्ठ

इति संवत् २०७१ साल मङ्सिर १८ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-WO-०४१०, उत्प्रेषण/परमादेश, *माधव भण्डारी वि. त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौंसमेत*

माधव भण्डारी अध्ययन गरेको क्याम्पस उपत्यकाभित्र रहेको र निजले मिति २०७१।८।३ मा परीक्षा फाराम आफू अध्ययन गरेको नेपाल कमर्स क्याम्पसमा बुझाउने व्यक्तिले क्याम्पसको सिफारिससाथ सूचनाअनुसार परीक्षा नियन्त्रण कार्यालयमा सोही दिन पनि दाखिल गर्नसक्ने अवस्था विद्यमान रहेकोमा सोअनुसार नगरी आफूले अपनाउनुपर्ने सजगतासमेत अपनाएको देखिँदैन । अधिकार खोज्ने व्यक्तिले आफ्नो कर्तव्यको पनि पालना गर्नुपर्ने हुन्छ । त्रि. वि. परीक्षा नियन्त्रण कार्यालयले फाराम भर्न छुटेका विद्यार्थीलाई परीक्षाबाट वञ्चित हुन नपरोस् भनी मिति २०७१।७।२५ मा विशेष सूचना प्रकाशित गरी फाराम भर्ने मौका प्रदान गर्दासमेत सो सूचनाले तोकेको मितिमा परीक्षा नियन्त्रण कार्यालयमा दाखिल गराउन नसकेबाट निवेदक स्वयम्ले समयभित्र गर्नुपर्ने कार्य गरेको देखिन आएन । आफूले गर्नुपर्ने दायित्व पूरा नगरेको कारणबाट म्याद गुज्रन गएको अवस्थामा परीक्षाबाट वञ्चित हुनपरेको देखिँदा परीक्षा नियन्त्रण कार्यालयको उक्त दरपीठ आदेशबाट यी निवेदकको संवैधानिक तथा कानूनी हक अधिकारमा आघात पुगेको मान्न मिल्ने नदेखिने । त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयले निवेदकको परीक्षा फाराम बुझ्न इन्कार गरेको स्थितिमा गोरखापत्रमा प्रकाशित सूचनाबमोजिम तोकिएको समयमा निवेदकले परीक्षा आवेदन फाराम भरेको र तोकिएको समयभित्र परीक्षा नियन्त्रण कार्यालयमा नबुझाएको तथ्य निवेदनमा उल्लिखित व्यहोरा र निवेदनसाथ पेस भएका कागजातहरूको प्रतिलिपिहरूबाट समेत पुष्टि भइरहेकाले कुनै पनि संवैधानिक तथा कानूनी हक हनन् भएको प्रथम दृष्टिमा नै नदेखिँदा विपक्षीहरूबाट लिखित जवाफ मगाइरहनुपर्ने नभई प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः सूर्यप्रसाद रेग्मी

कम्प्युटर: गीता घिमिरे गिरी

इति संवत् २०७१ साल मङ्सिर १८ गते रोज ५ शुभम् ।

## रीत/बेरीत आदेश

१

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-AP-०३९९, उत्प्रेषण, *बज्रमोहन सोती वि. मालपोत कार्यालय, नवलपरासीसमेत*

निवेदकको तर्फबाट दायर भएको

दर्ता बदर मुद्दामा कानूनबमोजिम साधारण अधिकारक्षेत्रअन्तर्गत न्याय निरूपणको उपायपश्चात विवादित विषयको अन्तिम टुङ्गो लागिसकेपछि पनि असाधारण अधिकारक्षेत्रको उपचारको उपायका लगि संविधानको धारा १०७ को उपधारा (२) अन्तर्गत प्रवेश गरी न्याय खोज्न सकिने भन्ने उक्त धारा १०७ को उपधारा (२) को अर्थ, प्रयोजन र मनसाय रहेको देखिँदैन। साथै यस्तो न्यायिक अभ्यास रहेको पनि देखिँदैन । साधारण अधिकारक्षेत्रअन्तर्गतको उपचारबाट आफूले अपेक्षा गरेबमोजिमको परिणाम प्राप्त नभएमा पुनः असाधारण अधिकारक्षेत्रअन्तर्गत न्याय खोज्ने पद्दति र परम्परा वाञ्छनीय नहुने।

अदालतबाट हुने निर्णय वा आदेश निश्चितताको लागि खास अवस्था र विन्दुमा अन्तिम गरी विवादको टुङ्गो लगाउनुपर्ने आवश्यकता रहन्छ। एउटा निश्चित अवस्था र विन्दुमा विवादको टुङ्गो नलगाउने हो भने विवादको श्रृङ्खला अन्तहीन हुनपुग्दछ। फैसला अन्तिमताको सिद्धान्त (Finality of Judgment) को आशय पनि यही हो। विवादको अन्त्य नभएमा फैसला अन्तिमताको अवधारणा नै नष्ट हुनपुग्छ र यो पद्धति र परम्पराले मुद्दाको अर्को पक्ष सधैंभरि अदालतको वरिपरि नै घुमिरहनुपर्ने हुन्छ।

पुनरावेदन अदालतबाट भएको फैसलाउपर परेको दोहोर्‍याई हेरिपाउँ भन्ने निवेदनमा निस्सा नभएपछि कानूनतः सो मुद्दा अन्तिम भएको मानिनुपर्ने हुन्छ । अन्तिम भएर बसेको मुद्दाउपर पुनः रिट निवेदन ग्रहण गरी पटकपटक दोहोर्‍याई हेर्ने हो भने विवादको अन्त्य कहिल्यै हुँदैन । यसले समग्र न्याय व्यवस्था नै अस्थिर र अनिश्चित हुनपुग्छ। साथै पक्षले न्यायको अनुभूति कहिल्यै गर्न नपाउने हुन्छ । तसर्थ साधारण उपचारको उपायपश्चात आफ्नो इच्छाअनुकूल न्यायिक परिणाम नआएपछि पुनः असाधारण अधिकारक्षेत्रअन्तर्गतको रिट क्षेत्रमा प्रवेश गर्न पाउने भन्ने संविधानको धारा १०७ (२) को अर्थ, मनसाय र प्रयोजनप्रतिकूल हुने र न्यायिक सिद्धान्त, परम्परा तथा मान्यताअनुकूलसमेत नहुने हुँदा तहाँबाट मिति २०६९।६।११ मा भएको दरपीठ आदेशमा कुनै त्रुटि नदेखिँदा सो दरपीठ आदेश बदर गर्न नमिल्ने।

इति संवत् २०७१ साल माघ २९ गते रोज ५ शुभम्।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६९-RE-००८७, उत्प्रेषण, सावित्रीदेवी बर्तौला वि. रामहरि बर्तौलासमेत
- ०६९-RE-००८८, उत्प्रेषण, सावित्रीदेवी बर्तौला वि. रामहरि बर्तौलासमेत
- ०६९-RE-००८९, उत्प्रेषण, सावित्रीदेवी बर्तौला वि. रामहरि बर्तौलासमेत
- ०६९-RE-००९०, उत्प्रेषण, सावित्रीदेवी बर्तौला वि. रामजी बर्तौलासमेत
- ०६९-RE-००९१, उत्प्रेषण, सावित्रीदेवी बर्तौला वि. रामहरि बर्तौलासमेत
- ०६९-RE-००९२, उत्प्रेषण, सावित्रीदेवी बर्तौला वि. पदमकुमारी बर्तौलासमेत
- ०६९-RE-०२०४, उत्प्रेषण, मंगलमाया झागजु वि. पुनरावेदन अदालत, पाटनसमेत